# गाउँशिक्षा योजना
# खिजीदेम्वा गाउँपालिका,ओखलढुङ्गा
## (२०८३/०८४-२०८७/०८८)

प्रकाशक
खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे ,ओखलढुङ्गा ,कोशी प्रदेश
नेपाल

## मन्तव्य



खिजीदेम्बा गाँउपालिका" नेपालको १ नं प्रदेश अन्तर्गत ओखलढुंगा जिल्लाको जिल्ला सदरमुकाम देखी उत्तर पश्चिममा अवस्थित एक गाँउपालिका हो । यो गाँउपालिकामा जम्मा ९ वटा वडाहरु रहेका रहेको यस गाउँपालिका प्रचुर सम्भावना बोकेको गाउँपालिका हो । हालको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरू तोकेको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची समावेश गरेको छ जसमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको अवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ जसमा स्थानीय तहले शिक्षा सम्बन्धी ९ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै खिजीदेम्वा गाउँपालिकाले ५ वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । शिक्षा विकासको मेरूदण्ड हो । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयवस्तुलाई हृदयङ्गम गरी उपलब्ध ऐन, कानुन, नीति नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम ९क्ष्क्षए०, खिजीदेम्वा गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि कोशेढुङ्गा सावित हुने छ भन्ने मैले विश्वास लिएको छु ।बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक यस गाउँपालिकाको पहिचानलाई मनन् गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय अनुसन्धान, तालिम र विकास केन्द्र प्रा. लि. लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी उप प्रमुख ज्यू, वडाध्यक्षहरू, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरूमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरूको अमूल्य सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने व्यहोरा समेत अवगत गराउँदै यो योजनाको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा राख्द यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

गम्बु शेर्पा
अध्यक्ष
खिजीदेम्वा गाउँपालिका

भनाइ



ओखलढुंगा जिल्लास्थित खिजीदेम्वा गाउँपालिका बहुजातीय, बहुभाषि बहुसाँस्कृतिक र प्राकृतिक रूपमा समेत सम्पन्न भएको एक महत्वपूर्ण र ऐतिहासि क्षेत्र हो । यस महत्वपूर्ण क्षेत्रको शिक्षामा विकास गरी आजको प्रतिस्पर्धी युग सुहाउँ शैक्षिक वातावरण तयार गर्नु आजको आवश्यकता हो । यस आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम ९क्षए०, खिजीदेम्वा गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानुनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको खिजीदेम्वा गाउँपालिकाको पाँच वर्षे शिक्षा क्षेत्र योजना (२०८३–८४) प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ । यो शैक्षिक योजना गाउपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण आधारभूत दस्तावेजको रूपमा रहने छ भन्ने कुरामा म विश्वस्त छु

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण मानिसहरूको गुणस्तरीय शिक्षामा पहुँच पुगोस, शिक्षाको अधिकारबाट कोहीपनि बन्चित नहुन र प्रविधिमैत्री, दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने हेतुले गाउपालिकाले यो योजना निर्माण गरेको हो । यस गाउपालिकाको पहिचानलाई मनन गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारूकता देखाउनुहुनेगाउँपालिकाप्रमुखज्यू, विकासका लागि संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षा विद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, वडाध्यक्षहरू, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु ।अन्त्यमा यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरूमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरूको अमूल्य सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने व्यहोरा समेत अवगत गराउँदै यो योजनाको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसकोसफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासकासाथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुशिला तामाङ
उपाध्यक्ष
खिजीदेम्वा गाउँपालिका

# शुभकामना



नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिइएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SIP), खिजीदेम्वा गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानुनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको खिजीदेम्वा गाउँपालिकाको पाँच वर्षे शिक्षा क्षेत्र योजना (२०८३–८४) गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यस्तो महत्वपूर्ण दस्तावेजले मुर्तरूप पाउन लागेकोमा मलाई खुशी लागेको छ।

शिक्षामा सबै वर्गको पहुँच स्थापना गरी दक्ष, सकरात्मक सोच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो। यस गाउँपालिकाको बहु पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण सहित तयार पारिएको यस योजना निर्माण कार्यमा तादरूकता देखाउनुहुने नगर प्रमुख ज्यू, उपप्रमुख ज्यू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था लगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगबाट यो योजना सम्भव भएकोले सम्पूर्ण सरोकारवालहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा यो शिक्षा योजना यस गाउँपालिका र जिल्लाकै लागि अविष्मरणीय कृतिको रूपमा लागू भई सम्पूर्ण सरोकारवालालाई फाइदा पुग्ने छ भन्ने विश्वासका साथ पूर्ण सफलताको कामना गर्दछु।

नबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत
खिजीदेम्वा गाउँपालिका

भनाइ



शिक्षा विकासको मेरुदण्ड हो। कुनै पनि क्षेत्रको समग्र विकासका लागि शिक्षाको विकास अपरिहार्य हुन्छ। त्यसैले शिक्षा सबै व्यक्ति, समुदाय र वर्गका लागि अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो। नेपालमा पनि शिक्षाको विकास तथा शिक्षामा सबै वर्ग र समुदायको समान पहुँच सुनिश्चित गर्न लामो समयदेखि विभिन्न प्रयासहरू हुँदै आएका छन्। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आवधिक पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम, खिजीदेम्बा गाउँपालिकाले निर्माण गरेको शिक्षा कार्यविधि, २०७४ तथा प्रचलित ऐन–कानुनले प्रदान गरेका अधिकार र मूल मर्मलाई आत्मसात् गर्दै स्थानीय शैक्षिक आवश्यकता पहिचान गरिएको छ। सोही आवश्यकताका आधारमा स्थानीय शिक्षाको व्यवस्थित र दिगो विकासका लागि खिजीदेम्बा गाउँपालिकाले स्तरीय पाँचवर्षीय गाउँ शिक्षा योजना तयार गरी कार्यान्वयनको चरणमा प्रवेश गरेकोमा मलाई अत्यन्त खुसी लागेको छ।खिजीदेम्बा गाउँपालिकाले विषयगत विज्ञ, स्थानीय सरोकारवाला, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा समुदायका प्रतिनिधिहरूको सहभागितामा गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि यो रणनीतिक दस्तावेज तयार गरेको छ। यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि स्पष्ट दिशा, प्राथमिकता र मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु।यो महत्त्वपूर्ण दस्तावेज स्थानीय विज्ञ, विषयगत विशेषज्ञ, जनप्रतिनिधि तथा सम्पूर्ण सरोकारवालाहरूको निरन्तर प्रयास, सहकार्य र योगदानबाट सम्भव भएको हो। यस योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु।त्यसैगरी, शैक्षिक योजनाको उद्देश्य र मर्मलाई आत्मसात् गर्दै यसको निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि तत्परता देखाउनुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण महानुभावहरूप्रति विशेष धन्यवाद तथा हार्दिक कृतज्ञता प्रकट गर्दछु।अन्त्यमा, यस योजनाको प्रभावकारी कार्यान्वयन, अपेक्षित उपलब्धि तथा अर्थपूर्ण नतिजा प्राप्तिका लागि सबै पक्षबाट निरन्तर सहयोग, समन्वय र रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गर्दछु। साथै, यस योजनाले खिजीदेम्बा गाउँपालिकाको समग्र शैक्षिक उन्नति, गुणस्तर सुधार तथा समतामूलक शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

नन्द राज राई<br>
शिक्षा अधिकृत<br>
खिजीदेम्वा गाउँपालिका

# विषय सूची


**१.१ पृष्ठभूमि ११**

१.१.१ शैक्षिक योजनाको आवश्यकता........................................................१२

१.१.२ शैक्षिक योजनाको लक्ष्य..............................................................१२

१.१.३ शिक्षा योजनाको उद्देश्य..............................................................१२

१. गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने ..................................................१३

२. शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने ............................................१३

३. समावेशी तथा समान पहुँचयुक्त शिक्षा प्रणाली विकास गर्ने ....................................१३

४. प्रविधिमैत्री शिक्षण सिकाइको विकास गर्ने ..................................................१३

५. शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता विकास गर्ने ..........................................१३

६. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने ...........................................१३

७. विद्यालय सुशासन तथा व्यवस्थापन सुधार गर्ने ..............................................१४

८. बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण निर्माण गर्ने ........................................१४

९. उच्च शिक्षा तथा अनुसन्धान प्रवर्द्धन गर्ने ..................................................१४

१०. विपद् तथा सङ्कटकालीन अवस्थामा शिक्षा निरन्तरता सुनिश्चित गर्ने ..............................१४

११. विद्यार्थी स्वास्थ्य, पोषण र कल्याण सुनिश्चित गर्ने ...........................................१४

१२. स्रोतसाधनको प्रभावकारी व्यवस्थापन गर्ने ..................................................१४

१.१.४ शैक्षिक योजना निर्माण प्रक्रिया.......................................................१४

१.१.५ शिक्षा क्षेत्रका सबल पक्षहरू .........................................................१५

३. शिक्षा क्षेत्रका समस्याहरू ...............................................................१६

४. अवसरहरू...........................................................................१७

५. चुनौतीहरू..........................................................................१७

**परिच्छेद २ : गाउँपालिकाको चिनारी ........................................................१९**

२.१ भौगोलिक अवस्थिती ...................................................................१९

२.२ ऐतिहासिक चिनारी तथा नामकरण .......................................................१९

२.३ राजनीतिक तथा प्रशासनिक संरचना......................................................१९

२.४ धरातलीय अवस्था ........................................................................२०

२.५ भिरालोपना ..............................................................................२१

२.६ मोहडा.......................................................................................२३

२.७ भौगर्भिक बनोट ...........................................................................२४

२.८ प्राकृतिक सम्पदा .........................................................................२५

२.९ सांस्कृतिक उत्कृष्टता ....................................................................२५

२.१० हावापानी तथा जलवायु.................................................................२५

२.११ विकासका सम्भावनाहरू..................................................................२६

२.१२ गाउँस्थ उत्पादन ..........................................................................२६

२.१३ मानव विकास सूचकाङ्क...................................................................२६

३. जनसांख्यिक तथा पारिवारिक विवरण.......................................................२६

५.१ शैक्षिक विवरण...............................................................................२७

२।१४ दूरदृष्टि.......................................................................................३०

२।५ लक्ष्य...........................................................................................३०

२।६ उदेश्य .........................................................................................३०

२।१७ रणनीतिहरु ..................................................................................३०

२.१८ अपेक्षित उपलब्धि..........................................................................३२

२।१९ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ..........................................३३

**परिच्छेद ३ ........................................................................................३५**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ...........................................................३५

३.१.१ परिचयः ......................................................................................३५

३.१.२ वर्तमान अवस्था ...........................................................................३५

३.१.३ उदेश्यः .......................................................................................३६

३.१.४ रणनीतिहरू...................................................................................३६

३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ......................................३७

३.२ आधारभतू शिक्षा.............................................................................४०

३.२.१ परिचय ....................................................................................४०

३.२.२ वर्तमान अवस्था ........................................................................४०

३.२.३ उद्देश्य ....................................................................................४१

३.२.४ रणनीतिहरू...............................................................................४१

३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................४२

३.३ माध्यमिक शिक्षा .........................................................................४७

३.३.१ परिचय ....................................................................................४७

३.३.२ वर्तमान अवस्था ........................................................................४७

३.३.३ उद्देश्य ....................................................................................४८

३.३.४ रणनीतिहरू...............................................................................४८

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................४९

३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई ..........................................५०

३.४.१ परिचय ....................................................................................५०

३.४.२ वर्तमान अवस्था ........................................................................५०

३.४.३ उद्देश्य ....................................................................................५०

३.४.४ रणनीतिहरू...............................................................................५१

३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..................................५१

**परिच्छेद ४ .........................................................................................५५**

४.१ पाठ्यक्रम र मूल्याङ्कन ...................................................................५५

४.१.१ परिचय ....................................................................................५५

४.१.२ वर्तमान अवस्था ........................................................................५५

४.१.३ उद्देश्य ....................................................................................५६

४.१.४ रणनीतिहरू...............................................................................५६

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................५६

४.२ शिक्षक व्यवस्थापन र विकास...........................................................५८

४.२.१ परिचय ....................................................................................५८

४.२.२ वर्तमान अवस्था ....................................................................................५८
४.२.३ उद्देश्य ..........................................................................................५९
४.२.४ रणनीतिहरू.......................................................................................५९
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य......................................................६०
४.३ समता र समावेशीकरण .................................................................................६१
४.३.१ परिचय ...........................................................................................६१
४.३.२ वर्तमान अवस्था ....................................................................................६२
४.३.३ उद्देश्यशिक्षा तथा सामाजिक ...........................................................................६२
४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य......................................................६३
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम.........................................६५
४.४.१ परिचय ...........................................................................................६५
४.४.२ बर्तमान अवस्था ....................................................................................६५
४.४.३ उद्देश्यहरु ........................................................................................६५
४.४.४ रणनीतिहरू.......................................................................................६५
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..................................................६६
४.५ आपतकालीन अवस्थामा शिक्षा ........................................................................६६
४.५.१ परिचय ...........................................................................................६६
४.५.२ वर्तमान अवस्था ....................................................................................६६
४.५.३ उद्धेश्य ...........................................................................................६७
४.५.४ रणनीति ..........................................................................................६७
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य......................................................६८
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ......................................................................६९
४.६.१ परिचय ...........................................................................................६९
४.६.२ वर्तमान अवस्था ....................................................................................६९
४.६.३ उद्देश्य ..........................................................................................६९
४.६.४ रणनीतिहरू.......................................................................................७०

४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य ........ ७०
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ........ ७१
४.७.१ परिचय ........ ७१
४.७.२ वर्तमान अवस्था ........ ७२
४.७.३ उद्देश्य ........ ७२
४.७.४ रणनीतिहरू ........ ७२
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ७३
**परिच्छेद ५ ........ ७५**
५.१ संस्थागत क्षमता विकास ........ ७५
५.१.१ परिचय ........ ७५
५.१.२ वर्तमान अवस्था ........ ७६
५.१.३ उद्देश्य ........ ७७
५.१.४ रणनीतिहरू ........ ७७
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ७७
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ७९
५.२.१ परिचय ........ ७९
५.२.२ वर्तमान अवस्थाः ........ ८०
५.२.३ उद्देश्यहरुः ........ ८०
५.२.४ रणनीतिहरू ........ ८०
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८१
५.३ अनुगमन तथा मूल्याङ्कन ........ ८२
५.३.१ परिचय ........ ८२
५.३.२ वर्तमान अवस्था ........ ८३
५.३.३ उद्देश्य ........ ८३
५.३.४ रणनीतिहरू ........ ८३
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८४

**परिच्छेद ६ ......................................................................................................८५**

६.१ परिचय ..................................................................................................८५

६.२ वर्तमान अवस्था.........................................................................................८६

६.३ उद्देश्य......................................................................................................८७

६.४ रणनीतिहरू ...............................................................................................८७

६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य .......................................................८७

६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको ..........८७

**परिच्छेद ७ ......................................................................................................९०**

७.१ परिचय ..................................................................................................९०

७.२ वर्तमान अवस्था.........................................................................................९०

७.३ उद्देश्य......................................................................................................९१

७.४ रणनीतिहरू ...............................................................................................९२

७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..............................................९२

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा विकासको आधारस्तम्भ तथा समाज रूपान्तरणको प्रमुख माध्यम हो। कुनै पनि क्षेत्रको दिगो विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, सांस्कृतिक संरक्षण तथा सक्षम नागरिक निर्माणका लागि गुणस्तरीय शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ। शिक्षाले व्यक्तिको ज्ञान, सीप, क्षमता, सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनुका साथै राष्ट्र निर्माणका लागि आवश्यक दक्ष, जिम्मेवार र प्रतिस्पर्धी मानव स्रोतको विकास गर्दछ। त्यसैले शिक्षा प्रत्येक व्यक्ति, समुदाय र राष्ट्रको समग्र विकाससँग प्रत्यक्ष सम्बन्धित महत्वपूर्ण क्षेत्रका रूपमा रहेको छ।नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीको अवधारणालाई आत्मसात् गर्दै प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार र मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारसमेत सुनिश्चित गरिएको छ।राष्ट्रको आर्थिक समृद्धि, सामाजिक न्याय, समानता तथा समावेशी समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको पहुँच सबै नागरिकसम्म विस्तार गर्नु आवश्यक हुन्छ। सबैका लागि जीवनपर्यन्त सिकाइका समान अवसर सुनिश्चित गर्न सकेमा दिगो शान्ति, सामाजिक सहिष्णुता, असल संस्कार, साझा मूल्य–मान्यता तथा जिम्मेवार नागरिक निर्माणमा सहयोग पुग्दछ। यसर्थ, शिक्षा क्षेत्रलाई राज्यका सबै तहबाट उच्च प्राथमिकताका साथ सम्बोधन गर्नु आवश्यक रहेको छ।

नेपालको वर्तमान संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको स्पष्ट बाँडफाँड गरेको छ। संविधानको अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार, अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ अनुसार माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ।यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न आवश्यक हुन्छ। यसका लागि स्थानीय तहले उपलब्ध भौतिक, वित्तीय तथा मानवीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै स्थानीय आवश्यकता र सम्भावनामा आधारित शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने हुन्छ।नेपालको दीर्घकालीन विकास सोच, राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, विद्यालय शिक्षा सुधारका विभिन्न कार्यक्रमहरू, दिगो विकास लक्ष्य तथा आवधिक योजनाका लक्ष्यहरूले शिक्षालाई राष्ट्र विकासको प्रमुख आधारका रूपमा स्वीकार गरेका छन्। शिक्षामा गरिने लगानीले दक्ष जनशक्ति उत्पादन, सामाजिक समावेशीकरण, आर्थिक विकास तथा समृद्ध राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

यसै सन्दर्भमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वि.सं. २०७८ देखि २०८७ सम्मको दशवर्षीय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। उक्त योजनाले नेपालको संविधानमा उल्लेखित शैक्षिक अधिकार, राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्दै गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रणाली विकास गर्ने लक्ष्य राखेको छ।

नेपालले अति कम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रतर्फ अघि बढिरहेको वर्तमान अवस्थामा शिक्षा क्षेत्रको भूमिका अझ महत्वपूर्ण बनेको छ। दिगो विकास, सामाजिक रूपान्तरण र समृद्ध राष्ट्र निर्माणका लागि स्थानीय तहमा समेत स्थानीय आवश्यकता, स्रोत, सम्भावना र चुनौतीमा आधारित शिक्षा योजना निर्माण गर्नु आवश्यक छ।

यसै आवश्यकतालाई मध्यनजर गर्दै खिजीदेम्बा गाउँपालिकाले आफ्नो स्थानीय शैक्षिक अवस्था, आवश्यकता, समस्या तथा सम्भावनाको विश्लेषण गरी पाँचवर्षीय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ। यस योजनाको प्रभावकारी

कार्यान्वयनबाट गाउँपालिकाभित्र शिक्षामा पहुँच विस्तार, गुणस्तर सुधार, समावेशीकरण प्रवर्द्धन, प्रविधिमैत्री शिक्षण सिकाइको विकास तथा समग्र शैक्षिक प्रणालीको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

### १.१.१ शैक्षिक योजनाको आवश्यकता

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न नीति, नियम र कानुनहरूले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र शिक्षा विकासका लागि योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरेका छन्। स्थानीय आवश्यकता, समस्या, सम्भावना र उपलब्ध स्रोतसाधनको पहिचान गरी तयार गरिने शिक्षा योजनाले मात्र शिक्षा क्षेत्रको वास्तविक सुधार र दिगो विकास सुनिश्चित गर्न सक्छ।स्थानीय तहको सहभागिता र स्वामित्वमा निर्माण गरिने शिक्षा योजनाले स्थानीय समुदायको आवश्यकता र अपेक्षालाई समेट्ने भएकाले यसको कार्यान्वयन प्रभावकारी हुने गर्दछ। यस्ता योजनाप्रति स्थानीय सरोकारवालाको अपनत्व बढ्ने हुँदा योजना कार्यान्वयनमा सक्रिय सहभागिता, सहयोग र उत्तरदायित्व अभिवृद्धि हुन्छ।स्थानीय शिक्षा योजनाले विद्यालय सञ्चालन तथा व्यवस्थापन, विद्यार्थीको पहुँच र सहभागिता, शिक्षक व्यवस्थापन, शिक्षकको क्षमता विकास, शैक्षिक गुणस्तर सुधार, समावेशी शिक्षा, विद्यालय स्वास्थ्य तथा पोषण, विपद् जोखिम न्यूनीकरण, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता महत्वपूर्ण विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्दछ।

शिक्षा क्षेत्रमा आवश्यकता अत्यधिक भए पनि उपलब्ध स्रोतसाधन सीमित हुने भएकाले प्राथमिकता निर्धारण गरी प्रभावकारी रूपमा स्रोत परिचालन गर्न शिक्षा योजनाको आवश्यकता पर्दछ। योजनाबद्ध कार्यमार्फत सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्दै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ।माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय तहको जिम्मेवारी थप बढेको छ। त्यसैले खिजीदेम्बा गाउँपालिकाले उपलब्ध स्रोतसाधनको उचित परिचालन गर्दै स्थानीय जनताको शैक्षिक आवश्यकता पूरा गर्न, निर्धारित शैक्षिक लक्ष्य हासिल गर्न र समग्र शिक्षा प्रणाली सुधार गर्न पाँचवर्षीय शिक्षा योजना निर्माण गरेको हो।यस योजनाले गाउँपालिकाको शिक्षा क्षेत्रलाई स्पष्ट दिशा प्रदान गर्नुका साथै गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा प्रणाली विकास गर्न आधार तयार गर्ने अपेक्षा गरिएको छ।

### १.१.२ शैक्षिक योजनाको लक्ष्य

खिजीदेम्बा गाउँपालिकाको शिक्षा क्षेत्रको गुणस्तर सुधार गर्दै दिगो विकासमा योगदान पुऱ्याउने उद्देश्यले यस पाँचवर्षीय शिक्षा योजनाले निम्न लक्ष्यहरू निर्धारण गरेको छः

क) प्रविधिमैत्री, समावेशी, गुणस्तरीय, व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रणालीको विकास गरी स्वावलम्बी र आत्मनिर्भर नागरिक निर्माण गर्ने।

ख) गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारमार्फत दक्ष, सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने।

ग) स्थानीय समुदायको सक्रिय सहभागिता र सहकार्यमा शिक्षा विकास गर्दै जिम्मेवार, आत्मनिर्भर र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्ने।

घ) विद्यार्थी, शिक्षक, अभिभावक, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति तथा नागरिक समाजको सहभागितामा समावेशी, उत्तरदायी र प्रभावकारी शिक्षा प्रणालीको विकास गर्ने।

### १.१.३ शिक्षा योजनाको उद्देश्य

खिजीदेम्बा गाउँपालिकाको पाँचवर्षीय शिक्षा क्षेत्र योजना स्थानीय शैक्षिक अवस्था, आवश्यकता, समस्या तथा चुनौतीहरूको पहिचान र विश्लेषण गरी सहभागितामूलक प्रक्रियाबाट तयार गरिएको हो। यस योजनाले गाउँपालिकाभित्र रहेका वर्तमान शैक्षिक समस्याहरूको समाधान, गुणस्तरीय शिक्षाको प्रवर्द्धन, समावेशी पहुँच

विस्तार तथा शिक्षाको समग्र विकासलाई केन्द्रमा राखेको छ।स्थानीय तहसँग सम्बन्धित शैक्षिक आवश्यकता र चुनौतीहरू प्रदेश तथा सङ्घीय तहसँग समेत सम्बन्धित हुने भएकाले तीनै तहका सरकारबीच समन्वय र सहकार्यको आवश्यकतालाई समेत ध्यानमा राख्दै यस शिक्षा योजनाका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छः

### १. गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने

- सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई नियमित उपस्थिति तथा विद्यालय टिकाउ दर वृद्धि गर्ने।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने।

### २. शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने

- गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण शैक्षिक गतिविधिमा समन्वय र एकरूपता कायम गर्दै गुणस्तरीय शिक्षा विकासमा जोड दिने।
- शिक्षालाई जीवनोपयोगी, व्यवहारिक, प्रविधिमैत्री तथा समयसापेक्ष बनाउने।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार तहगत, कक्षागत तथा विषयगत सिकाइ उपलब्धि हासिल गर्ने वातावरण निर्माण गर्ने।
- स्थानीय आवश्यकता, ज्ञान, सीप, संस्कृति र स्रोतसाधनलाई समेट्ने गरी स्थानीय पाठ्यक्रमको विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने।

### ३. समावेशी तथा समान पहुँचयुक्त शिक्षा प्रणाली विकास गर्ने

- जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, भौगोलिक अवस्था, आर्थिक अवस्था तथा शारीरिक अवस्थाका आधारमा हुने विभेद अन्त्य गर्दै सबैका लागि समान शैक्षिक अवसर सुनिश्चित गर्ने।
- अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा शिक्षाको अवसरबाट वञ्चित समुदायका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउने।
- वैकल्पिक शिक्षा, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू विस्तार गर्ने।

### ४. प्रविधिमैत्री शिक्षण सिकाइको विकास गर्ने

- शिक्षण सिकाइ प्रक्रियालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै आधुनिक र प्रभावकारी बनाउने।
- विद्यालयहरूमा डिजिटल सामग्री, कम्प्युटर प्रविधि, इन्टरनेट तथा प्रविधिमा आधारित सिकाइ वातावरणको विकास गर्ने।
- शिक्षक तथा विद्यार्थीलाई प्रविधिको प्रभावकारी प्रयोग गर्न सक्षम बनाउने।

### ५. शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता विकास गर्ने

- शिक्षक, कर्मचारी तथा शैक्षिक जनशक्तिको पेशागत क्षमता विकास गर्ने।
- शिक्षकहरूलाई प्रविधिमैत्री, समावेशी तथा विद्यार्थी केन्द्रित शिक्षण अभ्यासमा सक्षम बनाउने।
- शिक्षक व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र आवश्यकता आधारित बनाउने।

### ६. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने

- गाउँपालिकाभित्र सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्ग र समुदायका विद्यार्थीको पहुँच सुनिश्चित गर्ने।

- रोजगारमुखी, सीपमूलक तथा उद्यमशीलता विकास गर्ने शिक्षा प्रणालीलाई प्रवर्द्धन गर्ने।
- युवाहरूलाई आत्मनिर्भर र स्वरोजगार बन्न सहयोग गर्ने।

**७. विद्यालय सुशासन तथा व्यवस्थापन सुधार गर्ने**

- सबै विद्यालयमा पारदर्शी, उत्तरदायी र प्रभावकारी शैक्षिक सुशासन कायम गर्ने।
- विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा समुदायबीच सहकार्य र समन्वय अभिवृद्धि गर्ने।
- विद्यालय सुधार योजना, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने।

**८. बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण निर्माण गर्ने**

- विद्यालयलाई भय, विभेद, हिंसा तथा दुर्व्यवहारमुक्त बनाउँदै बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने।
- बालबालिकाका लागि सुरक्षित, समावेशी र सहयोगी भौतिक तथा शैक्षिक वातावरण विकास गर्ने।
- विद्यालय स्वास्थ्य, सरसफाइ तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउने।

**९. उच्च शिक्षा तथा अनुसन्धान प्रवर्द्धन गर्ने**

- उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको संस्थागत तथा कार्यात्मक क्षमता विकासका लागि आवश्यक सहयोग र समन्वय गर्ने।
- अनुसन्धान, सिर्जनशीलता र नवीन सोचलाई प्रोत्साहन गर्ने।

**१०. विपद् तथा सङ्कटकालीन अवस्थामा शिक्षा निरन्तरता सुनिश्चित गर्ने**

- बाढी, पहिरो, महामारी तथा अन्य विपद्का अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
- विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना विकास र कार्यान्वयन गर्ने।

**११. विद्यार्थी स्वास्थ्य, पोषण र कल्याण सुनिश्चित गर्ने**

- सबै विद्यार्थीलाई पोषणयुक्त खाना, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने।

**१२. स्रोतसाधनको प्रभावकारी व्यवस्थापन गर्ने**

- उपलब्ध भौतिक, वित्तीय तथा मानवीय स्रोतसाधनको न्यायोचित र प्रभावकारी वितरण गर्ने।
- आवश्यकता र प्राथमिकताका आधारमा स्रोत परिचालन गरी शैक्षिक उपलब्धि सुधार गर्ने।

### १.१.४ शैक्षिक योजना निर्माण प्रक्रिया

कुनै पनि योजनाको प्रभावकारी निर्माणका लागि सम्बन्धित क्षेत्रको वर्तमान अवस्था, आवश्यकता, समस्या, सम्भावना तथा चुनौतीहरूको विस्तृत विश्लेषण आवश्यक हुन्छ। सोही आधारमा तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन लक्ष्य निर्धारण गरी कार्यान्वयनयोग्य योजना निर्माण गरिन्छ।खिजीदेम्बा गाउँपालिकाको पाँचवर्षीय शिक्षा क्षेत्र योजना निर्माणका क्रममा शिक्षा क्षेत्रको वर्तमान अवस्था, उपलब्ध स्रोतसाधन, विद्यमान समस्या, आवश्यकता तथा सुधारका सम्भावनाहरूको विस्तृत अध्ययन तथा विश्लेषण गरिएको छ।योजना निर्माण प्रक्रियामा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आवधिक योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, विद्यालय शिक्षा सुधार कार्यक्रम तथा

गाउँपालिकाले निर्माण गरेका शिक्षा सम्बन्धी नीति तथा कार्यविधिहरूलाई आधार बनाइएको छ।यस योजनाको निर्माणका क्रममा स्थानीय सरोकारवाला, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विषयगत विज्ञ तथा सम्बन्धित निकायहरूसँग विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया गरिएको छ। साथै, विद्यालयस्तरीय तथ्याङ्क, शैक्षिक अवस्था, उपलब्ध स्रोतसाधन तथा स्थानीय आवश्यकता सम्बन्धी आवश्यक सूचना तथा तथ्याङ्क प्रत्यक्ष र अप्रत्यक्ष माध्यमबाट सङ्कलन गरिएको छ।सङ्कलित तथ्याङ्क तथा सुझावहरूको विश्लेषण गरी गाउँपालिकाको वास्तविक अवस्था, आवश्यकता र सम्भावनालाई ध्यानमा राख्दै यो शिक्षा क्षेत्र योजना तयार गरिएको हो। योजना निर्माण प्रक्रियामा सहभागितामूलक, तथ्यमा आधारित तथा परिणाममुखी दृष्टिकोण अवलम्बन गरिएको छ।यस योजनाले खिजीदेम्बा गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थालाई सुधार गर्दै आगामी पाँच वर्षभित्र गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र दिगो शिक्षा प्रणाली विकास गर्ने मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

### १.१.५ शिक्षा क्षेत्रका सबल पक्षहरू

खिजीदेम्बा गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न सकारात्मक अभ्यास तथा सुधारात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच विस्तार, गुणस्तर सुधार र समावेशी शिक्षा प्रवर्द्धनका लागि विभिन्न महत्वपूर्ण कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ।गाउँपालिकाले विद्यालय जाने उमेरका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने उद्देश्यले विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ। साथै, आवाससहितको छात्रावास व्यवस्थापन, विद्यार्थी छात्रवृत्ति वितरण तथा विद्यालय पोसाक उपलब्ध गराउने जस्ता लक्षित कार्यक्रमहरूले आर्थिक रूपमा कमजोर, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालयमा नियमित रूपमा टिकाइराख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिइएको छ। सुरक्षित र अनुकूल सिकाइ वातावरण निर्माण गर्ने उद्देश्यले विद्यालय भवन, शौचालय, खानेपानी, फर्निचर तथा अन्य आवश्यक संरचना सुधारका कार्यक्रमहरू सञ्चालन गरिएका छन्।शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। विद्यालयहरूमा स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, इन्टरनेट सुविधा तथा डिजिटल शिक्षण सामग्रीको प्रयोग विस्तार हुँदै गएको छ। यसले शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, प्रभावकारी र विद्यार्थी केन्द्रित बनाउन सहयोग पुऱ्याएको छ।समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समुदायका बालबालिकालाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताको प्रकृति र आवश्यकताअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व क्षमता विकाससम्बन्धी तालिम तथा कार्यक्रमहरूले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता अभिवृद्धि गर्दै वयस्क साक्षरता, निरन्तर शिक्षा तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, विद्यार्थी उपलब्धि परीक्षण, अभिभावक–शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रममार्फत सिकाइ उपलब्धि सुधारमा जोड दिइएको छ।प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारमार्फत युवाहरूलाई स्वरोजगार, सीप विकास तथा उद्यमशीलतातर्फ उन्मुख गराउने प्रयाससमेत गरिएको छ। समग्रमा खिजीदेम्बा गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकीकृत रूपमा सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ।

यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा आवश्यक स्रोत व्यवस्थापन सुनिश्चित गर्न

सकेमा स्थानीय स्तरमै गुणस्तरीय, समावेशी र नमुना शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

खिजीदेम्बा गाउँपालिकाको शिक्षा क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर सन्तोषजनक रहे पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ, अभिभावकीय चेतनाको कमी तथा सामाजिक कारणहरूले गर्दा केही बालबालिकाहरू बीचमै विद्यालय छोड्ने अवस्था अझै विद्यमान छ।अपाङ्गता भएका बालबालिका, दलित समुदाय, सीमान्तकृत वर्ग तथा कठिन भौगोलिक अवस्थाका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण रूपमा सहभागी गराउनु अझै चुनौतीपूर्ण रहेको छ। अभिभावक शिक्षाको कमीका कारण घर र विद्यालयबीचको समन्वय अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन।यस अवस्थालाई सुधार गर्न लक्षित सहयोग कार्यक्रम, सामाजिक परिचालन, अभिभावक सचेतना तथा सशक्तीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक छ।

**ख) गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत तथा घोकन्ते शिक्षण पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक, सिर्जनात्मक तथा प्रयोगात्मक सिकाइ अभ्यास पर्याप्त रूपमा विस्तार हुन सकेको छैन।विशेषगरी विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास, अनुसन्धान संस्कृति तथा व्यवहारिक सिकाइको विकास अपेक्षित रूपमा हुन सकेको छैन। स्थानीय आवश्यकता, संस्कृति र परिवेशसँग सम्बन्धित पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सुधार आवश्यक देखिन्छ।यसले विद्यार्थीहरूमा जीवनोपयोगी सीप, समस्या समाधान क्षमता तथा व्यवहारिक ज्ञान विकासमा चुनौती सिर्जना गरेको छ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त नहुनु प्रमुख चुनौतीका रूपमा रहेको छ। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयका दक्ष शिक्षकको उपलब्धता सीमित हुँदा विद्यार्थी सिकाइ उपलब्धिमा प्रभाव परेको छ।शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधिमैत्री शिक्षण तालिम, समावेशी शिक्षण विधि तथा आधुनिक मूल्याङ्कन प्रणालीसम्बन्धी क्षमता विकास कार्यक्रमलाई अझ सुदृढ गर्न आवश्यक छ।

**घ) भौतिक पूर्वाधार**

धेरै विद्यालयहरूमा सुरक्षित भवन, स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, प्रयोगशाला तथा पर्याप्त फर्निचर जस्ता आधारभूत पूर्वाधार अझै पर्याप्त छैनन्।कतिपय विद्यालय भवनहरू पुराना तथा जीर्ण अवस्थामा रहेकाले विद्यार्थी सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षण सिकाइका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड तथा उच्च गतिको इन्टरनेट सुविधा सबै विद्यालयमा समान रूपमा उपलब्ध हुन सकेको छैन।यसले डिजिटल शिक्षण सिकाइमा असमानता सिर्जना गरेको छ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयनमा अझै सुधार आवश्यक रहेको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित तथा निरन्तर मूल्याङ्कन प्रणाली पर्याप्त रूपमा सुदृढ हुन सकेको छैन।विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन, समीक्षा तथा सुधारका लागि प्रभावकारी फिडब्याक प्रणाली विकास गर्न आवश्यक छ।परीक्षा केन्द्रित शिक्षण अभ्यासका कारण सिर्जनात्मक सोच, आलोचनात्मक क्षमता तथा व्यवहारिक सीप विकासमा अपेक्षित सुधार हुन सकेको छैन।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कमजोर आर्थिक अवस्थाका बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ।सामाजिक विभेद, आर्थिक असमानता तथा लैङ्गिक

अन्तरले शिक्षामा समान अवसर प्राप्तिमा चुनौती सिर्जना गरेको छ। समावेशी पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिमा शिक्षक क्षमता विकास आवश्यक रहेको छ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउन आवश्यक छ।सहभागितामूलक योजना निर्माण, पारदर्शी बजेट व्यवस्थापन, जवाफदेहिता प्रणाली तथा नियमित अनुगमन संयन्त्र अझै संस्थागत हुन बाँकी रहेको छ।विद्यालय सुधार योजना प्रभावकारी कार्यान्वयन गर्न वैज्ञानिक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्न आवश्यक छ। साथै, शैक्षिक क्यालेन्डरको प्रभावकारी कार्यान्वयन, माध्यमिक तथा प्राविधिक शिक्षाको गुणस्तर सुधार र आवश्यक बजेट व्यवस्थापन प्रमुख चुनौतीका रूपमा रहेका छन्।समग्रमा हेर्दा खिजीदेम्बा गाउँपालिकामा शिक्षामा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, समावेशीकरण, पूर्वाधार विकास तथा सुशासनका क्षेत्रमा थप सुधार आवश्यक देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित परिचालन र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके विद्यमान चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

## ४. अवसरहरू

नेपालको संविधान तथा कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र आएपछि स्थानीय सरकारले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासका योजना निर्माण तथा कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्राप्त गरेको छ।स्थानीय तहमा शिक्षा क्षेत्रमा लगानी विस्तार गर्ने क्षमता, सङ्घीय तथा प्रदेश सरकारसँग सहकार्य गर्ने सम्भावना तथा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट स्रोत परिचालन गर्ने अवसर उपलब्ध रहेको छ।सूचना तथा सञ्चार प्रविधिको विस्तारसँगै डिजिटल शिक्षण सिकाइ, अनलाइन सामग्री, भर्चुअल सिकाइ तथा शिक्षक–विद्यार्थीबीचको शैक्षिक समन्वयलाई प्रभावकारी बनाउन सकिने सम्भावना बढेको छ।स्थानीय पाठ्यक्रम विकासमार्फत स्थानीय संस्कृति, वातावरण संरक्षण, जलवायु परिवर्तन, हरित विद्यालय अवधारणा तथा जीवनोपयोगी सीपलाई शिक्षासँग जोड्न सकिने अवसर रहेको छ।स्थानीय स्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, प्रविधि तथा सांस्कृतिक सम्पदालाई शिक्षण सिकाइ प्रक्रियामा समावेश गर्न सकिएमा शिक्षा विद्यार्थीको सामाजिक र सांस्कृतिक परिवेशसँग अझ सान्दर्भिक बन्न सक्छ।वैकल्पिक तथा निरन्तर सिकाइका अवसर विस्तार गरी प्रत्येक नागरिकको सिक्ने अधिकार सुनिश्चित गर्न सकिने भएकाले शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार गर्ने पर्याप्त सम्भावना रहेको छ।यसरी कानुनी अधिकार, प्रविधिको विकास, स्थानीय ज्ञानको उपयोग तथा स्रोत व्यवस्थापनका अवसरहरूले खिजीदेम्बा गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्वपूर्ण आधार प्रदान गरेका छन्।

## ५. चुनौतीहरू

खिजीदेम्बा गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्ने क्रममा विभिन्न चुनौतीहरूको सामना गर्दै आएको छ।लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, सामाजिक तथा शारीरिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्नु अझै चुनौतीपूर्ण रहेको छ।जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, भौगोलिक विकटता तथा विद्यार्थी सङ्ख्यामा हुने परिवर्तनका आधारमा विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित व्यवस्थापन आवश्यक रहेको छ।निःशुल्क तथा अनिवार्य शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोत व्यवस्थापन अर्को महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ।दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम सुधार, पाठ्यपुस्तक विकास, मूल्याङ्कन प्रणाली सुधार तथा सूचना प्रविधिको प्रभावकारी प्रयोगमा कठिनाइ देखिएको छ।बाढी, पहिरो, महामारी तथा अन्य विपद्का अवस्थामा वैकल्पिक माध्यमबाट शिक्षालाई निरन्तरता दिने प्रणाली विकास गर्न आवश्यक छ।साथै, सबै विद्यालयमा

आवश्यक भौतिक पूर्वाधार विकास गरी हरित विद्यालयको अवधारणा कार्यान्वयन गर्न, जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्न तथा दिगो शिक्षा प्रणाली विकास गर्न थप स्रोत र प्रयास आवश्यक रहेको छ।

## परिच्छेद २ : गाउँपालिकाको चिनारी

### २.१ भौगोलिक अवस्थिती

खिजीदेम्बा गाउँपालिका सङ्घीय नेपालको कोशी प्रदेश अन्तर्गत ओखलढुंगा जिल्लाको उत्तर–पश्चिमी पहाडी भूभागमा अवस्थित प्राकृतिक, सांस्कृतिक तथा जैविक विविधताले सम्पन्न गाउँपालिका हो। हिमाली तथा पहाडी भू–दृश्य, हरियाली वातावरण, प्राकृतिक स्रोतसाधन र विविध संस्कृतिले यस गाउँपालिकालाई विशेष पहिचान प्रदान गरेको छ। गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ५ स्थित खिजीफलाटेमा रहेको छ।नेपालको स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका रगनी, खिजीचण्डेश्वरी, खिजीकाती, खिजीफलाटे, पोकली, रावादोलु, पात्ले र भुसिंगा गाविसहरू समावेश गरी खिजीदेम्बा गाउँपालिका स्थापना गरिएको हो। गाउँपालिकाको सम्पूर्ण भू–भाग पहाडी क्षेत्रले ओगटेको छ। यहाँ विभिन्न जातजाति, भाषा, संस्कृति र परम्पराको मिश्रित बसोबास रहेको छ। विशेषगरी हिन्दु, बौद्ध, किराँत तथा इसाई धर्मावलम्बीहरूको उपस्थिति रहेको छ।प्राकृतिक स्रोतसाधनको दृष्टिले यस गाउँपालिकामा जडीबुटी, जलस्रोत तथा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ। खिजीदेम्बा गाउँपालिका करिब ८६°१५′२३″ उत्तरी अक्षांश र २७°२२′१०″ पूर्वी देशान्तरमा अवस्थित छ। समुद्री सतहबाट करिब ७९५ मिटरदेखि ३४४९ मिटरसम्मको उचाइमा फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल १७९.४४ वर्ग किलोमिटर रहेको छ।यस गाउँपालिकाको भौगोलिक सीमाना पूर्वमा मोलुङ गाउँपालिका तथा सोलुखुम्बु जिल्ला, पश्चिममा रामेछाप जिल्ला, उत्तरमा सोलुखुम्बु जिल्ला तथा दक्षिणमा लिखु र मोलुङ गाउँपालिकासँग जोडिएको छ। भौगोलिक विविधता, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचानका कारण खिजीदेम्बा गाउँपालिका विकासका विभिन्न सम्भावना बोकेको क्षेत्रको रूपमा रहेको छ।

### २.२ ऐतिहासिक चिनारी तथा नामकरण

खिजीदेम्बा गाउँपालिका तत्कालीन विभिन्न ६ वटा गाविसहरू समायोजन भई स्थापना भएको स्थानीय तह हो। यस गाउँपालिकामा समावेश भएका चारवटा गाविसको नामसँग "खिजी" शब्द जोडिएको पाइन्छ। यस क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा भाषिक पहिचानमा सुनुवार समुदायको महत्वपूर्ण भूमिका रहेको छ। क्षेत्रगत रूपमा पहिलो र जनसंख्याका आधारमा दोस्रो ठूलो समुदायको रूपमा रहेको सुनुवार समुदायको बसोबास यस क्षेत्रमा प्राचीन समयदेखि रहँदै आएको पाइन्छ। यहाँका धेरै स्थाननामहरू सुनुवार (कोइँच) भाषासँग सम्बन्धित रहेका छन्।नेपाल सुनुवार समाजको अभिलेखअनुसार "खिजीदेम्बा" नामकरण कोइँच सुनुवार समुदायका पुर्खा तथा किराँती राजा 'खिँचि' र उहाँसँग सम्बन्धित ऐतिहासिक स्थल तथा सुरक्षा किल्लाको नामसँग जोडिएको छ। यसै गाउँपालिकाभित्र रहेको ओखलढुंगा जिल्लाकै अग्लो चुचुरो 'देम्बा' र 'खिँचि' शब्दको संयोजनबाट "खिजीदेम्बा" नाम रहन गएको मानिन्छ।ऐतिहासिक रूपमा काःतिच, मुलिच, कोर्मोच, ङावाच, ब्लामिच, क्युइँतिच तथा पार्गाच लगायतका कोइँच सुनुवार समुदायका विभिन्न समूहहरूको पुख्यौली थलोका रूपमा यस क्षेत्रलाई नेपालको इतिहासमा उल्लेख गरिएको छ। यो क्षेत्र वल्लो किराँतका किराती कोइँच समुदायको ऐतिहासिक किपट भूमिसमेत रहेको मानिन्छ। समयक्रमसँगै विभिन्न कालखण्डमा अन्य जातजातिहरूको समेत बसोबास विस्तार हुँदै गई यहाँ बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजको विकास भएको छ।

### २.३ राजनीतिक तथा प्रशासनिक संरचना

खिजीदेम्बा गाउँपालिका नेपालको स्थानीय तह पुनर्संरचनापछि वि.सं. २०७३ साल फागुन २७ गते स्थापना भएको हो। ओखलढुंगा जिल्ला सङ्घीय निर्वाचन प्रणालीअन्तर्गत एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला हो भने प्रदेश सभा निर्वाचनका लागि दुई निर्वाचन क्षेत्र रहेका छन्। खिजीदेम्बा गाउँपालिका ओखलढुंगा जिल्लाको प्रदेश सभा निर्वाचन क्षेत्र "क" अन्तर्गत पर्दछ।गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ५ स्थित खिजीफलाटेमा

रहेको छ । स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका गाविसहरूलाई समायोजन गरी हाल ९ वटा वडामा विभाजन गरिएको छ । गाउँपालिकाको प्रशासनिक संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनअनुसार सञ्चालन हुँदै आएको छ ।

| समावेश भएका साविक गाविसहरू | हालको वडा नं. | साविक वडा नं. |
|---|---|---|
| रगनी | वडा नं. १ | वडा नं. १, २, ३, ४, ५ |
| रगनी | वडा नं. २ | वडा नं. ६, ७, ८, ९ |
| खिजी चण्डेश्वरी | वडा नं. ३ | वडा नं. १ देखि ९ |
| खिजी काती | वडा नं. ४ | वडा नं. १ देखि ९ |
| खिजी फलाटे | वडा नं. ५ | वडा नं. १, २, ३, ४, ५ |
| खिजी फलाटे | वडा नं. ६ | वडा नं. ६, ७, ८, ९ |
| पोकली | वडा नं. ७ | वडा नं. ९ |
| रावादोलु | वडा नं. ८ | वडा नं. १ देखि ९ |
| भुसिंगा | वडा नं. ९ | वडा नं. १ देखि ९ |
| पात्ले | — | वडा नं. ३, ४, ५, ६ |

## २.४ धरातलीय अवस्था

खिजीदेम्बा गाउँपालिकाको धरातलीय अवस्थालाई उचाइका आधारमा विभिन्न तहमा विभाजन गर्न सकिन्छ । यस गाउँपालिकाको अधिकांश भू–भाग पहाडी क्षेत्रमा पर्दछ । गाउँपालिकाको ठूलो हिस्सा समुद्री सतहबाट १५०० मिटरभन्दा माथिको उचाइमा अवस्थित रहेको छ । विशेषगरी २००० मिटरदेखि ३००० मिटरसम्मको उचाइ क्षेत्रले गाउँपालिकाको अधिकांश भू–भाग ओगटेको छ ।उचाइगत अवस्थाका आधारमा हेर्दा २००० मिटरदेखि ३००० मिटरसम्मको क्षेत्रफल सबैभन्दा बढी रहेको छ, जसले कुल क्षेत्रफलको करिब ६५.७४ प्रतिशत भाग ओगटेको छ । त्यस्तै ३००० मिटरभन्दा माथिको उच्च पहाडी क्षेत्र पनि उल्लेखनीय रूपमा रहेको छ । १००० मिटरभन्दा कम उचाइ भएको भू–भाग भने अत्यन्त न्यून रहेको छ ।गाउँपालिकाको विविध धरातलीय स्वरूपले यहाँको जलवायु, वनस्पति, कृषि प्रणाली, जैविक विविधता तथा जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । उच्च पहाडी क्षेत्र भएकाले यहाँ प्राकृतिक स्रोत, जडीबुटी, पर्यटन तथा जलस्रोत विकासका सम्भावनाहरू रहेका छन् । गाउँपालिकाको धरातलीय उचाइसम्बन्धी विवरण तलको तालिका नं. २ तथा नक्सा नं. २ मा प्रस्तुत गरिएको छ ।


तालिका नं. २ : धरातलीय उचाइ विवरण

| उचाइ क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| १००० मिटरभन्दा कम | ०.८३ | ०.४८ |
| १००० देखि १५०० मिटरसम्म | ११.०५ | ६.१६ |
| १५०० देखि २००० मिटरसम्म | २८.८४ | १६.०७ |
| २००० देखि २५०० मिटरसम्म | ५९.८२ | ३३.३४ |

| उचाइ क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| २५०० देखि ३००० मिटरसम्म | ५८.१३ | ३२.४० |
| ३००० मिटरभन्दा माथि | २०.७७ | ११.५७ |
| **जम्मा** | **१७९.४४** | **१००.००** |

स्रोत : जिआइएस नक्सा, २०७६

नक्सा नं. २ : धरातलीय उचाइ नक्सा





## २.५ भिरालोपना

खिजीदेम्बा गाउँपालिकाको अधिकांश भू–भाग पहाडी स्वरूपको भएकाले यहाँको धरातलमा विभिन्न स्तरको भिरालोपना रहेको पाइन्छ। भिरालोपनाको अवस्थाले भू–उपयोग, कृषि प्रणाली, बस्ती विकास, यातायात पूर्वाधार निर्माण तथा प्राकृतिक जोखिम व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पार्दछ।यस गाउँपालिकाको अधिकांश भू–भाग २० डिग्रीदेखि ४० डिग्रीसम्मको भिरालोपना भएको क्षेत्रमा पर्दछ। कुल क्षेत्रफलमध्ये करिब ६२.१८ प्रतिशत भू–भाग २० डिग्रीदेखि ४० डिग्रीसम्मको भिरालोपना रहेको छ। त्यस्तै १० डिग्रीभन्दा कम भिरालोपना भएको क्षेत्र करिब ८.४६ प्रतिशत मात्र रहेको छ भने ४० डिग्रीदेखि ६० डिग्रीसम्मको भिरालो भू–भाग करिब १४.८९ प्रतिशत रहेको छ।अत्यधिक भिरालो क्षेत्र (६० डिग्रीभन्दा माथि भने न्यून रहेको छ। ७० डिग्रीभन्दा बढी भिरालोपना भएको क्षेत्र कुल क्षेत्रफलको करिब ०.०१ प्रतिशत मात्र रहेको छ। समग्रमा हेर्दा खिजीदेम्बा गाउँपालिकाको भू–भाग मध्यमदेखि उच्च भिरालोपना भएको पहाडी क्षेत्र रहेको देखिन्छ।भिरालोपनाको अवस्थाले यहाँको कृषि योग्य भूमि व्यवस्थापन, सडक तथा अन्य पूर्वाधार निर्माण, भू–क्षय नियन्त्रण र विपद् जोखिम न्यूनीकरणका योजनाहरू निर्माण गर्दा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ। गाउँपालिकाको भिरालोपनासम्बन्धी विवरण तालिका नं. ३ तथा नक्सा नं. ३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३ : भिरालोपनाको विवरण

| **भिरालोपना (डिग्रीमा)** | **क्षेत्रफल (वर्ग कि.मि.)** | **प्रतिशत** |
|---|---|---|
| १० डिग्रीभन्दा कम | १५.१८ | ८.४६ |
| १० देखि २० डिग्रीसम्म | २५.२१ | १४.०६ |
| २० देखि ३० डिग्रीसम्म | ६२.८७ | ३५.०५ |
| ३० देखि ४० डिग्रीसम्म | ४८.६७ | २७.१३ |
| ४० देखि ५० डिग्रीसम्म | २०.८९ | ११.६४ |
| ५० देखि ६० डिग्रीसम्म | ५.८४ | ३.२५ |
| ६० देखि ७० डिग्रीसम्म | ०.७६ | ०.४२ |
| ७० डिग्रीभन्दा माथि | ०.०३ | ०.०१ |
| **जम्मा** | **१७९.४४** | **१००.००** |

स्रोत : जिआइएस नक्सा, २०७६




नक्सा नं. ३ भिरालोपना नक्सा

## २.६ मोहडा


खिजीदेम्बा गाउँपालिकाको भौगोलिक मोहडा (Aspect) विभिन्न दिशातर्फ फैलिएको पाइन्छ । गाउँपालिकाको अधिकांश भू–भाग उत्तरतर्फ फर्किएको अवस्थामा रहेको छ । यसले यहाँको जलवायु, तापक्रम, कृषि प्रणाली, वनस्पति तथा मानव बसोबासको अवस्थालाई प्रभाव पार्ने गर्दछ ।गाउँपालिकाको कुल क्षेत्रफलमध्ये उत्तर तथा उत्तर–पश्चिम मोहडा भएको भू–भाग सबैभन्दा बढी रहेको छ, जसको क्षेत्रफल करिब ३५ प्रतिशत रहेको छ । त्यस्तै पूर्व, दक्षिण–पूर्व, दक्षिण, दक्षिण–पश्चिम तथा पश्चिम मोहडा भएका क्षेत्रहरू पनि उल्लेखनीय रूपमा रहेका छन् । समथर भू–भाग भने तुलनात्मक रूपमा न्यून रहेको छ, जसको हिस्सा करिब ३.७७ प्रतिशत मात्र रहेको छ ।भौगोलिक मोहडाको विविधताले गाउँपालिकाको प्राकृतिक अवस्था, कृषि उत्पादन क्षमता, जलस्रोतको उपयोग, बस्ती विकास तथा पूर्वाधार निर्माणमा प्रत्यक्ष प्रभाव पार्दछ । गाउँपालिकाको मोहडासम्बन्धी विवरण तालिका नं. ४ तथा नक्सा नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४ मोहडाको विवरण

| **मोहडा** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
|---|---|---|
| समथर | ६.७७ | ३.७७ |
| उत्तर मोहडा | ३१.५१ | १७.५६ |
| उत्तर–पूर्वी मोहडा | २७.५० | १५.३२ |
| पूर्वी मोहडा | १३.१९ | ७.३५ |
| दक्षिण–पूर्वी मोहडा | १२.५९ | ७.०२ |
| दक्षिण मोहडा | १४.१४ | ७.८८ |
| दक्षिण–पश्चिम मोहडा | २०.३२ | ११.३२ |
| पश्चिम मोहडा | २१.८५ | १२.१८ |
| उत्तर–पश्चिम मोहडा | ३१.५७ | १७.५९ |
| **जम्मा** | **१७९.४४** | **१००.००** |

स्रोत जिआइएस नक्सा, २०७६


नक्सा नं. ४ भौगोलिक मोहडा नक्सा



## २.७ भौगर्भिक बनोट

खिजीदेम्बा गाउँपालिकाको भौगर्भिक अवस्था विविधतायुक्त रहेको छ । यहाँको भौगर्भिक संरचनालाई विभिन्न तहमा विभाजन गरी अध्ययन गरिएको छ । गाउँपालिकाको भू–भागमा पाइने चट्टान, माटो तथा भौगर्भिक संरचनाले यहाँको प्राकृतिक अवस्था, भू–उपयोग, जलस्रोत, वनस्पति तथा विकास निर्माणका गतिविधिमा महत्वपूर्ण प्रभाव पार्दछ ।यस गाउँपालिकाको भौगर्भिक बनोटलाई ७ वटा प्रमुख तहमा विभाजन गरिएको छ । तीमध्ये सेती फर्मेसन ले सबैभन्दा बढी भू–भाग ओगटेको छ भने नौडाँडा फर्मेसन को क्षेत्रफल तुलनात्मक रूपमा सबैभन्दा कम रहेको छ । विभिन्न भौगर्भिक संरचनाहरूको उपस्थितिले यस क्षेत्रको प्राकृतिक विविधता र स्रोत सम्भावनालाई थप बल प्रदान गरेको छ ।गाउँपालिकाको भौगर्भिक संरचनासम्बन्धी विस्तृत विवरण नक्सा नं. ५ : भौगर्भिक बनोट मा प्रस्तुत गरिएको छ ।

नक्सा नं. ५ : भौगर्भिक बनोट नक्सा




| Code | CLASS | Area (sqkm) | % |
|---|---|---|---|
| 015 | Kushma Formation | 6.40 | 3.57 |
| 016 | Ulleri Formation | 14.37 | 8.01 |
| 026 | Seti Formation | 84.39 | 47.03 |
| 027 | Naudanda Formation | 0.32 | 0.18 |
| 029 | Ghanapokhara Formation | 18.39 | 10.25 |
| 029 | Ghanapokhara Formation | 0.81 | 0.45 |
| 047 | Panglema Quartizite | 54.75 | 30.51 |
| | Total | 179.44 | 100 |

## २.८ प्राकृतिक सम्पदा

खिजीदेम्बा गाउँपालिका प्राकृतिक स्रोत तथा सम्पदाले सम्पन्न क्षेत्र हो । यहाँ उपलब्ध कृषि योग्य भूमि, वनजङ्गल, जडीबुटी, जलस्रोत तथा जैविक विविधता प्रमुख प्राकृतिक सम्पदाका रूपमा रहेका छन् । प्राकृतिक स्रोतको संरक्षण तथा दिगो उपयोगमार्फत गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिने सम्भावना रहेको छ ।यस गाउँपालिकामा प्राकृतिक रूपमा सुन्दर तथा पर्यटकीय महत्व बोकेका थोलोदेम्बा डाँडा, विभिन्न धार्मिक तथा प्राकृतिक गुफाहरू, प्राकृतिक पोखरीहरू, बहुमूल्य गैरकाष्ठ वन पैदावार तथा हिमाली जडीबुटीहरू रहेका छन् । साथै, वर्षभरि पानी बग्ने ९ वटाभन्दा बढी खोला तथा खोल्साहरू, विभिन्न प्रजातिका वन्यजन्तु तथा चराचुरुङ्गीहरू, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका मठ, मन्दिर, देवस्थल, गुम्बा तथा चर्चहरू यस गाउँपालिकाका महत्वपूर्ण सम्पदाहरू हुन् ।प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र उचित व्यवस्थापन गर्न सकेमा यस क्षेत्रलाई पर्यटन, कृषि, जडीबुटी तथा जलस्रोत विकासको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

## २.९ सांस्कृतिक उत्कृष्टता

खिजीदेम्बा गाउँपालिका बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक पहिचान बोकेको क्षेत्र हो । यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका समुदायहरूको सहअस्तित्व रहेको छ । विशेषगरी सुनुवार (कोइँच) समुदायको ऐतिहासिक तथा सांस्कृतिक पहिचान यस गाउँपालिकाको प्रमुख विशेषताको रूपमा रहेको छ ।यस क्षेत्रमा रहेका परम्परागत संस्कार, चाडपर्व, भाषा, भेषभूषा, लोककला, धार्मिक स्थल तथा सांस्कृतिक अभ्यासहरूले गाउँपालिकाको सांस्कृतिक विविधतालाई समृद्ध बनाएका छन् । सुनुवार समुदायको मौलिक संस्कृति, किराँती परम्परा तथा स्थानीय जीवनशैली यस क्षेत्रको विशिष्ट सांस्कृतिक सम्पदा हो ।विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरू, गुम्बा, मन्दिर, देवस्थल तथा चर्चहरूको उपस्थितिले यहाँ धार्मिक सहिष्णुता र सांस्कृतिक विविधताको संरक्षण भएको देखिन्छ । स्थानीय संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटन विकासमा समेत योगदान पुग्ने सम्भावना रहेको छ ।

## २.१० हावापानी तथा जलवायु

खिजीदेम्बा गाउँपालिका समुद्री सतहबाट करिब ७९५ मिटरदेखि ३४४९ मिटरसम्मको उचाइमा फैलिएको हुँदा यहाँ उचाइअनुसार विभिन्न प्रकारका हावापानी तथा जलवायु पाइन्छ । गाउँपालिकामा मुख्यतः चार प्रकारका जलवायु क्षेत्रहरू रहेका छन् । उचाइ, भू–आकृति र मौसमी अवस्थाका आधारमा यहाँको तापक्रम तथा वर्षाको मात्रामा विविधता देखिन्छ ।यस क्षेत्रमा वार्षिक औसत वर्षा करिब ११५५ मि.मि. देखि १६७० मि.मि. सम्म हुने गर्दछ । अधिकतम तापक्रम करिब २२° सेल्सियससम्म पुग्ने र न्यूनतम तापक्रम करिब ९° सेल्सियससम्म झर्ने गर्दछ । उचाइका आधारमा गाउँपालिकाको जलवायु अवस्था निम्नानुसार रहेको छ ।क= उष्ण मौसमी हावापानीसमुद्री सतहबाट करिब १००० मिटरसम्मको उचाइ भएको क्षेत्रमा उष्ण मौसमी हावापानी पाइन्छ । यस क्षेत्रमा गर्मी मौसममा तापक्रम तुलनात्मक रूपमा बढी हुने गर्दछ भने हिउँदमा औसत तापक्रम १२° देखि १६° सेल्सियससम्म रहने गर्दछ । यस प्रकारको हावापानी भएको क्षेत्र गाउँपालिकाको कुल भू–भागको करिब ०.४६ प्रतिशत रहेको छ ।ख= उपोष्ण हावापानीसमुद्री सतहबाट १००० देखि २००० मिटरसम्मको उचाइ भएको क्षेत्रमा उपोष्ण हावापानी पाइन्छ । यस क्षेत्रमा तल्लो भागमा केही गर्मी र माथिल्लो भागमा केही चिसो वातावरण पाइन्छ । उपोष्ण जलवायु क्षेत्रले गाउँपालिकाको करिब २२.२३ प्रतिशत भू–भाग ओगटेको छ ।ग= समशीतोष्ण हावापानीसमुद्री सतहबाट २००० देखि ३००० मिटरसम्मको उचाइ भएको क्षेत्रमा समशीतोष्ण हावापानी पाइन्छ । यस क्षेत्रको तल्लो भागमा चिसो वातावरण र माथिल्लो भागमा हिमपात हुने अवस्था देखिन्छ । यो जलवायु क्षेत्र गाउँपालिकाको सबैभन्दा ठूलो हिस्सा अर्थात् करिब ६५.७४ प्रतिशत भू–भागमा फैलिएको छ ।घ= चिसो लेकाली हावापानीसमुद्री सतहबाट

३००० मिटरभन्दा माथिको उचाइमा चिसो लेकाली हावापानी पाइन्छ। यस क्षेत्रमा हिउँ पर्ने तथा अत्यधिक चिसो वातावरण हुने गर्दछ। यस्तो जलवायु क्षेत्र गाउँपालिकाको करिब ११.५७ प्रतिशत भू–भागमा रहेको छ।

## २.११ विकासका सम्भावनाहरू

खिजीदेम्बा गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा तथा भौगोलिक विशेषताका आधारमा विकासका विभिन्न सम्भावनाहरू रहेका छन्। स्थानीय स्रोतको उचित उपयोग र दिगो व्यवस्थापन गर्न सकेमा गाउँपालिकाको आर्थिक विकास र स्थानीयवासीको आयआर्जन वृद्धि गर्न सकिने सम्भावना रहेको छ।कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायिक खेती, तरकारी उत्पादन, फलफूल खेती तथा पशुपालनको विस्तार गरी स्थानीय उत्पादनलाई बजारसँग जोड्न सकिन्छ। त्यसैगरी जडीबुटी उत्पादन तथा प्रशोधन, जलस्रोतको उपयोग र जलविद्युत विकास पनि यस क्षेत्रका महत्वपूर्ण सम्भावनाका रूपमा रहेका छन्।गाउँपालिकामा रहेका प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र विकास गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ। पर्यटन, कृषि, जडीबुटी र जलस्रोतमा आधारित आर्थिक गतिविधि विस्तार गर्न सडक, विद्युत, सिँचाइ, सञ्चार लगायतका पूर्वाधार विकास आवश्यक रहेको छ।

## २.१२ गाउँस्थ उत्पादन

खिजीदेम्बा गाउँपालिकाको गाउँस्थ उत्पादन भन्नाले गाउँपालिका क्षेत्रभित्र एक वर्षको अवधिमा उत्पादन भएका सम्पूर्ण वस्तु तथा सेवाहरूको बजार मूल्यलाई जनाउँछ। यो स्थानीय अर्थतन्त्रको अवस्था मापन गर्ने महत्वपूर्ण आधार हो।स्थानीय तहदेखि केन्द्रसम्म उत्पादन तथा सेवाको व्यवस्थित अभिलेख राख्ने प्रणाली पर्याप्त विकसित नभएकाले गाउँपालिकाको वास्तविक गाउँस्थ उत्पादन यकिन गर्न चुनौती रहेको छ। घरधुरी सर्वेक्षणका आधारमा कृषि तथा गैरकृषि क्षेत्रबाट प्राप्त वार्षिक आम्दानीलाई आधार मान्दा गाउँपालिकाको कुल गाउँस्थ आम्दानी करिब ४० करोड रुपैयाँ रहेको अनुमान गरिएको छ।प्रति व्यक्ति औसत आम्दानी करिब रु. २४ हजार ५०० रहेको देखिन्छ। यद्यपि सर्वेक्षणका क्रममा प्राप्त सूचनामा पूर्ण विवरण उपलब्ध नहुन सक्ने भएकाले वास्तविक उत्पादन तथा आम्दानी यसभन्दा फरक हुन सक्ने सम्भावना रहेको छ।

## २.१३ मानव विकास सूचकाङ्क

मानव विकास सूचकाङ्क (Human Development Index) स्वास्थ्य, शिक्षा र आय गरी तीन प्रमुख आयामका आधारमा मापन गरिन्छ। स्वास्थ्य सूचकमा औसत आयु, शिक्षा सूचकमा वयस्क साक्षरता तथा विद्यालय शिक्षाको औसत वर्ष र आय सूचकमा प्रतिव्यक्ति आयलाई आधार मानिन्छ।मानव विकास सूचकाङ्क ० देखि १ सम्मको मापनमा गरिन्छ, जसमा १ नजिकको मान उच्च मानव विकासको सूचक मानिन्छ। नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार ओखलढुंगा जिल्ला मानव विकासका दृष्टिले मध्यम स्तरमा रहेको छ।ओखलढुंगा जिल्लाको मानव विकास सूचकाङ्क ०.४९४ रहेको छ, जसले जिल्लालाई मध्यम मानव विकास स्तरमा राखेको छ। स्थानीय तहगत रूपमा छुट्टाछुट्टै मानव विकास सूचकाङ्क उपलब्ध नभएकाले जिल्लाको सूचकाङ्कलाई नै खिजीदेम्बा गाउँपालिकाको सन्दर्भमा आधार मानिएको छ।गाउँपालिकाको शिक्षा, स्वास्थ्य र आर्थिक अवस्थाको सुधारमार्फत मानव विकास सूचकाङ्कमा थप सुधार ल्याउन सकिने सम्भावना रहेको छ।

# ३. जनसांख्यिक तथा पारिवारिक विवरण

खिजीदेम्बा गाउँपालिकाको जनसांख्यिक तथा पारिवारिक विवरणले गाउँपालिकाभित्र रहेका घरधुरी संख्या, जनसङ्ख्याको संरचना तथा वडागत वितरणको अवस्थालाई प्रस्तुत गर्दछ। स्थानीय तहको शैक्षिक योजना निर्माणका लागि जनसङ्ख्याको अवस्था, परिवार संख्या, लैङ्गिक संरचना तथा भौगोलिक वितरणको जानकारी महत्वपूर्ण आधारका रूपमा रहेको हुन्छ। यसले विद्यालय जाने उमेर समूहका बालबालिकाको अनुमान,

विद्यालयको आवश्यकता पहिचान, विद्यार्थी भर्ना तथा टिकाउ दर सुधार, शिक्षक व्यवस्थापन, शैक्षिक पूर्वाधार विकास र लक्षित कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउँछ ।उपलब्ध तथ्याङ्कअनुसार खिजीदेम्बा गाउँपालिकामा कुल ३४८२ घरधुरी रहेका छन् भने कुल जनसङ्ख्या १७,००१ रहेको छ । जसमा पुरुष जनसङ्ख्या ८,७९७ र महिला जनसङ्ख्या ८,२०४ रहेको छ । गाउँपालिकाका विभिन्न वडाहरूमा जनसङ्ख्या र घरधुरीको वितरण समान नभई भौगोलिक अवस्था, बसोबासको स्वरूप तथा सामाजिक संरचनाअनुसार फरक–फरक रहेको पाइन्छ ।वडागत जनसङ्ख्याको अवस्थाले बढी जनसङ्ख्या भएका क्षेत्रमा विद्यालय क्षमता विस्तार, थप शैक्षिक स्रोत व्यवस्थापन तथा सेवाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता देखाउँछ भने कम जनसङ्ख्या भएका तथा विकट क्षेत्रमा विद्यालय पहुँच सुनिश्चित गर्ने, विद्यार्थी टिकाइ राख्ने र समावेशी शिक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखाउँछ । त्यसैले गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माण गर्दा जनसांख्यिक तथा पारिवारिक अवस्थालाई आधारभूत सूचकका रूपमा समावेश गरी आवश्यकता अनुसार शैक्षिक कार्यक्रम तथा स्रोत व्यवस्थापन गर्न आवश्यक हुन्छ ।

| क्र.सं. | वडा नं. | टोल संख्या | घरधुरी संख्या | पुरुष संख्या | महिला संख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ | २७ | ४५७ | १३३२ | १३१२ | २६४४ |
| २ | वडा नं. २ | १३ | ३९१ | ११६० | १०५२ | २२१२ |
| ३ | वडा नं. ३ | १२ | २४९ | ६८४ | ६३१ | १३१५ |
| ४ | वडा नं. ४ | २२ | ४४२ | ११८६ | ११२१ | २३०७ |
| ५ | वडा नं. ५ | १८ | ३७२ | १००३ | ९६९ | १९७२ |
| ६ | वडा नं. ६ | १३ | २२५ | ४६३ | ४१७ | ८८० |
| ७ | वडा नं. ७ | २० | ३२३ | १००९ | ९३४ | १९४३ |
| ८ | वडा नं. ८ | १३ | ३४६ | १०४६ | ९७४ | २०२० |
| ९ | वडा नं. ९ | ११ | ३७७ | ९१४ | ७९४ | १७०८ |
| **जम्मा** | | **१३२** | **३४८२** | **८७९७** | **८२०४** | **१७००१** |

## ५.१ शैक्षिक विवरण

खिजीदेम्बा गाउँपालिकाको शैक्षिक विवरणले गाउँपालिकाभित्रको समग्र शैक्षिक अवस्थाको चित्रण गर्दछ । यस अन्तर्गत नागरिकहरूको साक्षरता अवस्था, विभिन्न शैक्षिक तह हासिल गरेका जनसङ्ख्या, विद्यालय उमेर समूहका बालबालिकाको अवस्था, विद्यालय बाहिर रहेका बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको शैक्षिक अवस्थासम्बन्धी तथ्याङ्क समावेश गरिएको छ ।उपलब्ध तथ्याङ्कअनुसार गाउँपालिकामा अझै पनि केही जनसङ्ख्या निरक्षर रहेको देखिन्छ भने ठूलो सङ्ख्यामा नागरिकहरू लेखपढ गर्न सक्ने अवस्थामा रहेका छन् । आधारभूत तह, माध्यमिक तह (SEE), कक्षा १२, स्नातक तथा स्नातकोत्तर तहसम्म अध्ययन पूरा गरेका जनसङ्ख्याको विवरणले गाउँपालिकामा क्रमशः शैक्षिक पहुँच विस्तार हुँदै गएको देखाउँछ ।गाउँपालिकाको शैक्षिक तथ्याङ्कले विद्यालय उमेर समूहका बालबालिकाको पहिचान, विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउने आवश्यकता तथा समावेशी शिक्षाको प्रवर्द्धन गर्नुपर्ने अवस्थालाई समेत देखाउँछ । अपाङ्गता भएका जनसङ्ख्याको शैक्षिक अवस्थालाई ध्यान दिँदै पहुँचयुक्त, समावेशी तथा समान अवसरमा आधारित शिक्षा प्रणाली विकास गर्नु आवश्यक रहेको छ ।यस शैक्षिक विवरणले गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माणका लागि आधारभूत तथ्य उपलब्ध गराउँछ । यसका आधारमा विद्यालय पहुँच विस्तार, निरक्षरता न्यूनीकरण, विद्यार्थी भर्ना

तथा टिकाउ दर वृद्धि, शैक्षिक गुणस्तर सुधार र लक्षित कार्यक्रम सञ्चालन गर्न सकिन्छ । खिजीदेम्बा गाउँपालिका ग्रामीण क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था विस्तार, पहुँच अभिवृद्धि तथा गुणस्तर सुधारको चरणमा रहेको देखिन्छ। यस गाउँपालिकामा ७ वटा सामुदायिक माध्यमिक विद्यालय, २० वटा सामुदायिक आधारभूत विद्यालय, १ वटा संस्थागत विद्यालय तथा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। यी शैक्षिक संस्थाहरूले बालबालिका तथा समुदायलाई आधारभूत र माध्यमिक तहसम्मको शिक्षामा पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।विद्यार्थी संख्याको अनुपातमा विद्यालयको संख्या पर्याप्त देखिए पनि भौगोलिक विकटता र बस्तीहरूको छरिएको अवस्थाका कारण सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न अझै चुनौती रहेको छ। साथै, विद्यालय भवन, पर्याप्त कक्षाकोठा, खेलमैदान, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा अन्य शैक्षिक पूर्वाधारहरू सबै विद्यालयमा समान रूपमा उपलब्ध हुन सकेका छैनन्। यसले शिक्षाको गुणस्तर सुधारमा थप लगानी र व्यवस्थापन आवश्यक रहेको देखाउँछ।मानव संसाधन विकासको आधारका रूपमा शिक्षालाई प्राथमिकता दिँदै गाउँपालिकाले गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षा प्रणालीको विकास गर्ने लक्ष्य लिएको छ। गाउँपालिकाको शिक्षा नीतिअनुसार शतप्रतिशत विद्यार्थी भर्ना सुनिश्चित गर्ने, विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउने, सिकाइ उपलब्धि सुधार गर्ने तथा दक्ष र सक्षम मानव संसाधन विकास गर्ने उद्देश्य राखिएको छ। खिजीदेम्बा गाउँपालिकाको शैक्षिक अवस्थाअन्तर्गत शिक्षक दरबन्दी तथा राहत अनुदान कोटाको विवरण हेर्दा विभिन्न तहमा गरी कुल १५१ वटा शिक्षक पद रहेको देखिन्छ। जसअन्तर्गत प्राथमिक तहमा १०८ जना, निम्न माध्यमिक तहमा २४ जना, माध्यमिक तहमा १५ जना र उच्च माध्यमिक तहमा ४ जना शिक्षक कार्यरत रहेका छन्। स्वीकृत दरबन्दीतर्फ प्राथमिक तहमा ७९ जना, निम्न माध्यमिक तहमा १५ जना, माध्यमिक तहमा ८ जना र उच्च माध्यमिक तहमा १ जना गरी जम्मा १०३ वटा स्वीकृत दरबन्दी रहेको छ। त्यसैगरी राहत अनुदान कोटातर्फ प्राथमिक तहमा २९ जना, निम्न माध्यमिक तहमा ९ जना, माध्यमिक तहमा ७ जना र उच्च माध्यमिक तहमा ३ जना गरी जम्मा ४८ वटा राहत अनुदान कोटा रहेको देखिन्छ।उपलब्ध तथ्याङ्कले गाउँपालिकामा शिक्षक व्यवस्थापनका लागि स्वीकृत दरबन्दीका साथै राहत अनुदान कोटामार्फत पनि शिक्षक आपूर्ति भइरहेको देखाउँछ। यद्यपि विद्यार्थी संख्या, विद्यालयको भौगोलिक अवस्था तथा विषयगत आवश्यकताअनुसार शिक्षक दरबन्दीको सन्तुलित व्यवस्थापन, विषयगत शिक्षकको उपलब्धता तथा शिक्षण गुणस्तर सुधारमा थप ध्यान दिन आवश्यक देखिन्छ।

**यस गाउँपालिकाभित्रका नागरिकहरूको शैक्षिक तथा योग्यता स्तरको विवरण देहायअनुसार रहेको छ।**

| वडा नं. | निरक्षर संख्या | लेखपढ गर्न सक्ने संख्या | आधारभूत तह पूरा गरेका संख्या | SEE पूरा गरेका संख्या | कक्षा १२ उत्तीर्ण संख्या | स्नातक तह उत्तीर्ण संख्या | स्नातकोत्तर तह पूरा गरेका संख्या | उमेर समूहका बालबालिका संख्या | विद्यालय बाहिर रहेका बालबालिका संख्या | अपाङ्गता भएका जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | ४४७ | ४४७ | ६८९ | ४८६ | ४८२ | १०० | २७ | १७ | ० | २५ |
| वडा नं. २ | २३४ | ५३५ | ६४४ | ४०५ | ३०७ | ४३ | २१ | ७६ | ० | २९ |
| वडा नं. ३ | २७ | ४४२ | ४७९ | २९९ | २८३ | १९ | ५ | ३३ | ३ | १५ |
| वडा नं. ४ | १७७ | ४८५ | ३६५ | ३४२ | ३२९ | ६० | ५ | ३५ | ० | ३० |
| वडा नं. ५ | १४३ | ३७७ | ६८३ | २७५ | ३२३ | ७४ | १५ | १७५ | ० | ३० |
| वडा नं. ६ | १०४ | ४२२ | २४८ | ७६ | ८५ | १६ | ० | ३४ | ० | ८ |
| वडा नं. ७ | २६४ | ४२२ | २९६ | १४५ | २२२ | ३६ | २ | १५८ | २ | ३६ |
| वडा नं. ८ | ४६० | ३२० | ३४९ | २४६ | २७३ | १३ | १० | १७४ | ३ | ४० |
| वडा नं. ९ | ३०३ | ४६६ | ३४० | १६१ | १७६ | ४८ | ४ | १७ | ० | २२ |
| **जम्मा** | **२३९९** | **३९१६** | **४०९३** | **२४३५** | **२४६०** | **४०९** | **८९** | **१०१९** | **८** | **२३५** |

## २.१४ दूरदृष्टि

"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

## २.१५ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.१६ उद्देश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

## २.१७ रणनीतिहरु

**उद्देश्य १ सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

**रणनीतिहरू:**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **अनिवार्य र निःशुल्क** बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा **"विद्यार्थी भर्ना घरदैलो अभियान"** सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न **दिवा खाजा, छात्रवृत्ति र पोसाक** वितरण गर्ने,

घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार **छात्रावास**को व्यवस्था गर्ने,

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) **ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर** जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि **समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,**

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यक्रम**लाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन **नियमित र नतिजामुखी तालिम** प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

**उद्देश्य २ सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

**रणनीतिहरू:**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन **स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट** सुविधाको विस्तार गर्ने

ग) शिक्षाको गुणस्तर कायम गर्न **नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को विकास गर्ने

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) **शिक्षण सिकाइमा** खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज) नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

**उद्देश्य ३ औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ) नगरस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर खिजीदेम्वा गाउँपालिकालाई **"पूर्ण साक्षर तथा शिक्षित पालिका"** घोषणा गर्ने

**उद्देश्य ४ विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

रणनीतिहरू

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको **सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध** गर्ने

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न **परिणाममा आधारित जवाफदेहिता प्रणाली**को विकास गर्ने

ग) **प्र**धानाध्यापक छनोट प्रणालीलाई **योग्यता र क्षमताका आधारमा** हुने गरी परिमार्जन गर्ने

घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि **एकीकृत तथ्याङ्क प्रणाली**को विकास र सुदृढीकरण गर्ने

छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने

ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको **नियमित अनुगमन र नियमन** गर्ने

झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट **आचारसंहिता** निर्माण गरी लागू गर्ने

ञ) खिजीदेम्बा गाउँपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी **दरबन्दी मिलान र पुनर्वितरण** गर्ने

ट) **प्र**धानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित **तालिम र नेतृत्व विकास** कार्यक्रमहरू सञ्चालन गर्ने

## २.१८ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

## २।१९मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ६२.२ | ६६ | ७१ | ७७ |
| १.२ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ५८.३ | ६० | ६४ | ६८ |
| **२** | **आधारभूत शिक्षा (कक्षा १–८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९५.५ | ९६ | ९७ | ९८ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १०७.३ | — | — | — |
| २.३ | आधारभूत तहको प्राथमिक शिक्षा (कक्षा १–५) मा खुद भर्ना दर* (%) | ९७ | ९७.५ | ९८ | ९८.५ |
| २.४ | आधारभूत तहको प्राथमिक शिक्षा (कक्षा १–५) मा कुल भर्ना दर* (%) | १०६.८ | — | — | — |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्मको विद्यालय छाड्ने दर (%) | ५.८ | ५ | ४.५ | ४ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्मको टिकाउ दर* (%) | ९८ | ९८.२ | ९८.४ | ९८.५ |
| २.१० | आधारभूत तह (कक्षा १–५) को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | १.१८ | — | — | — |
| २.११ | आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर* (%) | ९४.५ | ९५ | ९६.५ | ९७.५ |
| २.१२ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दर (%) | ११४.४ | — | — | — |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ९८ | ९८.१ | ९८.३ | ९८.५ |
| २.१४ | आधारभूत तहको कक्षा ८ सम्मको विद्यालय छाड्ने दर (%) | ३ | २.८ | २.६ | २.५ |
| २.१९ | विद्यालयबाहिर रहेका बालबालिका* (%) | ०.७८ | ०.७५ | ०.७० | ०.६५ |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना | ४७ | ४७.५ | ४८ | ४८.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | दर* (%) | | | | |
| ३.५ | माध्यमिक तह (कक्षा ९–१०) को टिकाउ दर (%) | ९७ | ९७.२ | ९७.५ | ९८ |
| ३.७ | माध्यमिक तह (कक्षा ११–१२) को टिकाउ दर (%) | १०० | १०० | १०० | १०० |
| **४** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) (%) | ७५ | — | — | — |
| ४.५ | १५–६० वर्ष उमेर समूहको निरक्षर जनसङ्ख्या (व्यक्ति) | २१८७ | २००० | १८५० | १७०० |
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | |
| ५.६ | शिक्षक तथा कर्मचारीको औसत उपस्थिति दर (%) | ८७ | ८८.२० | ८९.५० | ९०.५० |
| ५.७ | विद्यार्थीको औसत उपस्थिति दर (%) | ७६ | ७८.५ | ७९.५ | ८१ |
| ५.८ | औसत स्तरीकृत अङ्क (GPA) | २.७ | २.८ | २.९ | ३.०० |

परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ को उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने व्यवस्था गरिएको छ। त्यसैगरी, शिक्षा ऐन, २०२८ को नवौँ संशोधनले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा मान्यता दिएको छ। यी कानुनी व्यवस्थाले प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यकता र महत्त्वलाई थप स्पष्ट पारेका छन्।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सिर्जनात्मक पक्षको समग्र विकासमा सहयोग गर्दै उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार गर्नु प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। विद्यालय शिक्षाको पहिलो आधारका रूपमा रहेको यस कार्यक्रमलाई सर्वसुलभ, समावेशी र गुणस्तरीय बनाउनु आवश्यक छ। यसै आवश्यकतालाई ध्यानमा राखी खिजीदेम्बा गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउने विभिन्न कार्यक्रमहरू समावेश गरेको छ।

### ३.१.२ वर्तमान अवस्था

खिजीदेम्बा गाउँपालिकामा हाल जम्मा २८ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। तीमध्ये २७ वटा सामुदायिक विद्यालयअन्तर्गत र एउटा संस्थागत विद्यालयअन्तर्गत सञ्चालनमा रहेको छ। यी केन्द्रहरूमा कुल २८३ जना बालबालिका अध्ययनरत छन्, जसमध्ये १२८ जना छात्र र १५५ जना छात्रा रहेका छन्।

प्रारम्भिक बालविकास उमेर समूहको अनुमानित कुल जनसंख्या २९० रहेको आधारमा सहजै देखिने भर्नादर ६२.२ प्रतिशत रहेको छ। यस तथ्याङ्कले प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाको पहुँच विस्तार हुँदै गएको सङ्केत गरे पनि शतप्रतिशत भर्नाको लक्ष्य हासिल गर्न अझै थप प्रयास आवश्यक रहेको देखाउँछ।

प्रारम्भिक बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या २८० रहेको छ। तीमध्ये एक वर्षको प्रारम्भिक बालविकास अनुभव प्राप्त गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको अनुपात ८८.६ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि, नियमितता तथा कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ। यसले प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता र उपयोगितालाई पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले प्रारम्भिक बालविकास केन्द्रहरूमा २७ जना अर्थात् ९ प्रतिशत दलित बालबालिका र १४५ जना अर्थात् ५१ प्रतिशत जनजाति बालबालिका सहभागी रहेका छन्। हाल अपाङ्गता भएका बालबालिकाको सहभागिता शून्य रहेको देखिन्छ। यी तथ्याङ्कले दलित तथा जनजाति बालबालिकाको सहभागिता बढ्दो अवस्थामा रहेको देखाए पनि सम्बन्धित समुदायको जनसंख्या अनुपातअनुसार सहभागिता अझै बढाउनुपर्ने आवश्यकता देखिन्छ।

विशेषगरी अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न पहुँचयोग्य भौतिक संरचना,

आवश्यक सहायक सामग्री, बालमैत्री सिकाइ वातावरण तथा प्रशिक्षित जनशक्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै, अपाङ्गता भएका बालबालिकाको पहिचान, अभिलेखीकरण, विद्यालय भर्ना तथा निरन्तर सिकाइमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

समग्रमा, खिजीदेम्बा गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच विस्तार सन्तोषजनक देखिए पनि यसको गुणस्तर, समावेशिता, बालमैत्री वातावरण र न्यूनतम सक्षमताका मापदण्ड सुनिश्चित गर्न थप योजनाबद्ध तथा रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

तालिका १

प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २७ | ८० | ११० | १९० | १२ | १५ | २७ | | | |
| संस्थागत | १ | ४८ | ४५ | ९३ | ० | १ | १ | | | |
| जम्मा | **२८** | **१२८** | **१५५** | **२८३** | **१२** | १६ | २८ | | | |

खिजीदम्वा गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। खिजीदेम्बा गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ।हाल खिजीदेम्वा गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धैरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, खिजीदेम्बा गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

### ३.१.४ रणनीतिहरू

सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।निजी क्षेत्रलाई

समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

क) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

- क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- ग) लागत सहभागिता अभिवृद्धि गर्ने,
- घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ङ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,
- झ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) अपेक्षित उपलब्धिः खिजीदेम्वा गाउँ

ख) पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ।

**ग)** प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम** | **पटक** | | ५०० | | | | ५०० | - | - | ५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मापदण्ड प्रबोधीकरण गर्ने | | | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | आवश्यकता अनुसार | | - | | | | - | - | - | - |
| ३ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने | निरन्तर | | - | | | | - | - | - | - |
| ४ | सुपरिवेक्षणका लागि अधिकार सम्पन्न संयन्त्र विकास गर्ने | पटक | | - | | | | - | - | - | - |
| ५ | बालविकास पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | - | ५०० | - | - | - | ५०० | - | - | ५०० |
| ६ | सहजकर्ताहरूको पेशागत | पटक | - | - | ५०० | - | - | ५०० | - | - | ५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास तालिम सञ्चालन गर्ने | | | | | | | | | | |
| ७ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | - | - | - | - | ५०० | ५०० | - | - | ५०० |
| ८ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | - | - | - | - | - | - | - | - | ५० |
| ९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने | निरन्तर | - | - | - | - | - | - | - | - | - |
| १० | सहजकर्ताहरूको पारिश्रमिक व्यवस्थापन | वार्षिक | ५५०० | ६००० | ७००० | ७५०० | ८००० | ३४००० | ३४००० | - | - |
| ११ | स्थानीय तहबाट सहजकर्ताहरू | वार्षिक | १५०० | १६०० | २००० | २२०० | २५०० | ९८०० | ९८०० | - | - |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | को नपुग पारिश्रमिक व्यवस्थापन | | | | | | | | | | |
| १२ | बालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | वार्षिक | १०० | ११० | १२० | १३० | १४० | ६०० | - | - | ६०० |
| जम्मा | | | ७१०० | ८७१० | ९६२० | ९८३० | १११४० | ४६४०० | ४३८०० | ० | २६५० |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको नेपालको संविधान ले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ।राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो।त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत–साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

खिजीदेम्बा गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ४१५, शिक्षक दरबन्दी १३२ र शिक्षक–विद्यार्थी अनुपात १०.७१ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित @* , जनजाति !)&$ र अपाङ्गता भएका बालबालिका * रहेका छन्। केही विद्यालयहरूमा पूर्वाधारका पक्षहरू, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान तथा सूचना तथा सञ्चार प्रविधि (ICT) को सुविधा पर्याप्त नभएको देखिन्छ। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा प्रवाह र समावेशी सिकाइ वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्ने

अवस्था रहेको छ। उपलब्ध तथ्याङ्कका आधारमा आवश्यक सुधार, स्रोत व्यवस्थापन तथा शिक्षकको क्षमता विकासका लागि तालिमको आवश्यकता देखिन्छ।संस्थागत विद्यालयहरूमा पनि कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान तथा सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी पूर्वाधार केही विद्यालयहरूमा पर्याप्त नभएको देखिन्छ। यस्ता कमजोरीहरूको सुधार, आवश्यक शिक्षक जनशक्तिको उपलब्धता सुनिश्चित गर्नु तथा समग्र सिकाइ वातावरणलाई थप सुदृढ बनाउनु आवश्यक देखिन्छ।

तालिका २

आधारभुत शिक्षासँग सम्बन्धित विवरण

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २७ | ७५१ | ७६९ | १४२० | १०२ | ९७ | १९९ | ५ | ३ | ८ |
| संस्थागत | १ | ७ | ६ | १३ | १ | | १ | | | |
| जम्मा | २८ | ७५८ | ७७५ | १४३३ | १०३ | ९७ | २०० | ५ | ३ | ८ |

खिजीदेम्बा गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य तथा गुणस्तरीय बनाउने उद्देश्यसहित आवश्यक नीति तथा कार्यक्रमहरू अवलम्बन गरेको छ। गाउँपालिकामा आधारभूत शिक्षाको पहुँच विस्तार हुँदै गए पनि केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्।सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना तथा सञ्चार प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता आवश्यक शैक्षिक पूर्वाधारहरूको पर्याप्त व्यवस्था हुन नसकेको अवस्था देखिन्छ। यसका साथै विषयगत शिक्षकको अभाव, परम्परागत शिक्षण सिकाइ पद्धति तथा पर्याप्त सिकाइ सामग्रीको सीमितताका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौतीहरू विद्यमान रहेका छन्।उपरोक्त अवस्थालाई मध्यनजर गर्दै विद्यालय पूर्वाधार विकास, दक्ष तथा विषयगत शिक्षकको व्यवस्थापन, आधुनिक शिक्षण विधिको प्रयोग, प्रविधिमैत्री सिकाइ वातावरण निर्माण तथा पर्याप्त सिकाइ सामग्रीको उपलब्धता सुनिश्चित गर्नु आवश्यक देखिन्छ। यसबाट आधारभूत शिक्षालाई थप प्रभावकारी, समावेशी र गुणस्तरीय बनाउन सहयोग पुग्नेछ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने
ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने
च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने
छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने
ज) शिक्षण–सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने
झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
ट) मूल्याङ्कनलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने
ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने
ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने
ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने
त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने
ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने
ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने
ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने
भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने
य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने
र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक–सांस्कृतिक विविधताको सम्मान गर्ने
ऱ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
ल) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

खिजीदेम्बा गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क तथा

अनिवार्य भएको सुनिश्चित गरिनेछ। साथै, विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि भई समग्र शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ। आधारभूत तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, सुरक्षित तथा सिकाइमैत्री भएको सुनिश्चित गरिनेछ।नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयहरूले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन्। साथै, आधारभूत तहका विद्यार्थीहरूको औसत GPA ३.५ पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ उपलब्धि, क्षमता विकास तथा गुणस्तरीय शिक्षाको सुनिश्चिततामा योगदान पुऱ्याउनेछ।

**क)** प्रमुख क्रियाकलाप र लक्ष्य: (अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | आवश्यकताअनुसार | - | - | - | - | - | ० | - | - | - |
| २ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | आवश्यकताअनुसार | - | - | - | - | - | ० | - | - | - |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | प्रत्येक वर्ष | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | - | - |
| ४ | सिकाइ सामग्री तथा नमुना प्रश्नपत्र संग्रह तथा | वार्षिक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ७५० | - | ७५० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वितरण | | | | | | | | | | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | - | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० | - | ५०० |
| ६ | परीक्षा सञ्चालन, प्रमाणीकरण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | ७०० | ८०० | ९०० | १००० | १२०० | ४६०० | १६०० | - | ४००० |
| ७ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | - | ५००० | - | - | १००० | १००० | ७००० | ५००० | - | २००० |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | - | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | - | ० |
| ९ | निःशुल्क पाठ्यपुस्तक | - | १००० | १२०० | १४०० | १६०० | १८०० | ७००० | ७००० | - | ० |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था | | | | | | | | | | |
| १० | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | - | ७५० | - | - | ७५० | - | १५०० | - | - | १५०० |
| ११ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | - | - | ५०० | - | - | ५०० | १००० | ५०० | - | ५०० |
| १२ | विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | - | ३०० | ४०० | ५०० | ६०० | ७०० | २५०० | - | - | २५०० |
| १३ | विपन्न लक्षित छात्रवृत्ति वितरण | - | ४०० | ५०० | ६०० | ६०० | ७०० | २८०० | २८०० | - | - |
| १४ | शिक्षकहरूको लागि तलब व्यवस्थापन (राहत सहित) | - | ८२००० | ८८००० | ९३००० | ९८००० | १००००० | ४६१००० | ४६१००० | - | ० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | आधारभूत तहमा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब व्यवस्थापन | - | ४१५३ | ४५०० | ५००० | ५५०० | ६००० | २५१५३ | - | - | ४४० |
| १६ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | - | ७५०० | ८००० | ८५०० | ९००० | ९५०० | ४२५०० | ३२००० | - | १०५०० |
| १७ | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | - | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | ३५०० | - | - |
| १८ | दलित, छात्रा, सीमान्तकृत तथा अपाङ्ग विद्यार्थीका लागि | - | ३८० | ४०० | ४२० | ४३० | ४५० | २०८० | २०८० | - | ० |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति | | | | | | | | | | |
| १९ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | - | ३०० | ३०० | ४०० | ४०० | ५०० | १९०० | १९०० | - | ० |
| | **जम्मा** | | १०३६८३ | १०५९०० | ११२१२० | १२०३८० | १२३९५० | ५६६०३३ | ५१९६३० | ० | २२६९० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक सोच तथा सदाचारजस्ता गुणसहित प्रतिस्पर्धी, सीपयुक्त र उत्पादनशील जनशक्ति विकास गर्ने लक्ष्य लिएको छ।श्रमप्रति सकारात्मक भावना भएका तथा व्यावहारिक सीपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र संस्कृत गरी विभिन्न धारमा विभाजन गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा ९–१२ मा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात गरिएको छ। यस तहको शिक्षा विद्यार्थीलाई रोजगारी तथा श्रम बजारमा प्रवेश गर्न आवश्यक सीप प्रदान गर्ने, आत्मनिर्भर नागरिक विकास गर्ने तथा उच्च शिक्षाका लागि आधार तयार गर्ने महत्वपूर्ण चरणको रूपमा रहेको छ।नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार तयार गरिएको पाठ्यक्रमको कार्यान्वयन वि.सं. २०७७ बाट प्रारम्भ भएको हो। यसले विद्यार्थीको ज्ञान, सीप, क्षमता तथा व्यवहारिक पक्षको विकासमा जोड दिएको छ।त्यसैगरी, विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपको अध्ययन–अध्यापनमार्फत वैज्ञानिक सोच, अनुसन्धान क्षमता तथा सिर्जनशीलताको विकास गर्ने रणनीति अवलम्बन गरेको छ।

### ३.३.२ वर्तमान अवस्था

खिजीदेम्बा गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको अवस्थाको विश्लेषण गर्दा हाल विद्यार्थी संख्या ४८४, शिक्षक दरबन्दी १९ तथा शिक्षक–विद्यार्थी अनुपात २५ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित

#$ , जनजाति #&$ र अपाङ्गता भएका बालबालिका !# रहेका छन्।माध्यमिक तह सञ्चालन भएका केही विद्यालयहरूमा आवश्यक शैक्षिक पूर्वाधारहरू, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान तथा सूचना तथा सञ्चार प्रविधि (ICT) को सुविधा पर्याप्त नभएको अवस्था देखिन्छ। यस्ता पूर्वाधारगत कमजोरीहरूले गुणस्तरीय शिक्षा प्रवाह, समावेशी सिकाइ वातावरण तथा विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्ने देखिन्छ।

यसका साथै विषयगत शिक्षकको उपलब्धता, शिक्षकको क्षमता विकास, आधुनिक शिक्षण सिकाइ विधिको प्रयोग तथा पर्याप्त सिकाइ सामग्रीको व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। उपलब्ध तथ्याङ्कका आधारमा स्रोत व्यवस्थापन, शिक्षक तालिम, प्रविधिमैत्री शिक्षण वातावरण निर्माण तथा विद्यालयको समग्र सिकाइ वातावरण सुदृढीकरण गर्नुपर्ने आवश्यकता रहेको छ।समग्रमा, खिजीदेम्बा गाउँपालिकामा माध्यमिक शिक्षाको पहुँच विस्तार भए पनि यसको गुणस्तर, पूर्वाधार विकास, विषयगत शिक्षक व्यवस्थापन तथा समावेशी शिक्षाको सुनिश्चितताका लागि थप योजनाबद्ध हस्तक्षेप आवश्यक रहेको देखिन्छ।

तालिका ३

माध्यमिक शिक्षासँग सम्बन्धित विवरण

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ७ | २३३ | २५१ | ४८४ | १७ | १७ | ३४ | ९ | ४ | १३ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ७ | २३३ | २५१ | ४८४ | १७ | १७ | ३४ | ९ | ४ | १३ |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको खिजीदेम्बा गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ।खिजीदेम्बा गाउँपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ।विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

**३.३.३ उद्देश्य**

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

**३.३.४ रणनीतिहरू**

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण–सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य–दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्तीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क)** उपलब्धि

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

## ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो।यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो।औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो।अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन।आफ्नो जीवनको इतिहास आफै लेख्छन।तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ।अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ।निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ।राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ।

### ३.४.२ वर्तमान अवस्था

गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट खिजीदेम्बा गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता *( प्रतिशत भन्दा माथि पुगेको छ। खिजीदेम्बा गाउँपालिकामा २ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ।विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ।सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ।केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

थ) खिजीदेम्बा गाउँपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य (अनुमानित बजेट)

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयारी | आवश्यकताअनुसार | - | - | - | - | - | ० | - | - | - |
| २ | विद्यालय सेवा क्षेत्र निर्धारण, नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | आवश्यकताअनुसार | - | - | - | - | - | ० | - | - | - |
| ३ | सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि संरचना तथा सामग्री व्यवस्थापन | - | १२००० | १००० | १००० | - | - | १४००० | १३५०० | - | १००० |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | निःशुल्क पाठ्यपुस्तक वितरण | - | ७०० | ७०० | ८०० | ८०० | ९०० | ३९०० | ३९०० | - | ० |
| ५ | विपन्न लक्षित छात्रवृत्ति वितरण | - | ४०० | ५०० | ५०० | ६०० | ७०० | २७०० | २७०० | - | ० |
| ६ | शिक्षक क्षमता विकास | - | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | - | - | २५०० |
| ७ | अतिरिक्त कक्षा सञ्चालन | - | - | ४०० | ५०० | ६०० | ७०० | २२०० | - | - | २२०० |
| ८ | सिकाइ सामग्री तथा नमुना प्रश्नपत्र संग्रह तथा वितरण | - | ५०० | ५५० | ६०० | ६०० | ६५० | २९०० | १४०० | - | १५०० |
| ९ | प्रति विद्यार्थी लागत अनुदान | - | ८०० | ९०० | ९८० | १०२० | १०५० | ४७५० | ४७५० | - | ० |
| १० | शिक्षक तलब भत्ता, राहत तथा | - | १८००० | २०००० | २१००० | २३००० | २५००० | १०७००० | १०७००० | - | ० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक धार सहित | | | | | | | | | | |
| ११ | शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक तलब भत्ता | - | ६५०० | ६७०० | ७००० | ७५०० | ८००० | ३५७०० | ३५७०० | - | ० |
| | **जम्मा** | | ३९४०० | ३१२५० | ३२८८० | ३४६२० | ३७५०० | १७५६५० | १६८४५० | ० | ७२०० |

**परिच्छेद ४**

अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम–निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्र्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.२ वर्तमान अवस्था

खिजीदेम्वा गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू नभएको अवस्थालाई गनउँपालिकाले कमजोरीका रूपमा स्वीकार गरेको छ। यसलाई सुधार्न खिजीदेम्बा गाउँपालिका स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष पाठ्यक्रमसँग जोडिनेछ। यस गाउँपालिकाले आधारभूत तह (कक्षा ८ सम्म) का लागि स्थानीय आवश्यकता र पहिचानलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरेको छ। कक्षा १ देखि ३ सम्मका लागि स्थानीय मातृभाषा अन्तर्गत शेर्पा, तामाङ र सुनुवार भाषाका पाठ्यक्रम विकास गरी कक्षा १ को पाठ्यपुस्तकसमेत तयार तथा मुद्रण गरी सामुदायिक विद्यालयहरूमा कार्यान्वयनमा ल्याइएको छ।त्यसैगरी स्थानीय विषयवस्तुमा आधारित कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरू विकास, मुद्रण तथा विद्यालयहरूमा वितरण गरी अघिल्लो शैक्षिक सत्रदेखि नै कार्यान्वयन गरिएको अवस्था छ। यस कार्यले स्थानीय भाषा, संस्कृति, परम्परा तथा ज्ञान प्रणालीलाई शिक्षासँग जोड्दै विद्यार्थीहरूमा स्थानीय पहिचानको संरक्षण र प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

खिजीदेम्बा गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा

माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, खिजीदेम्वा गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,
ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,
ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

**ख)** प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको आवधिक मूल्याङ्कन | नियमित | - | - | - | - | - | ० | - | - | - |
| २ | मूल्याङ्कन फाराम सहितको विद्यार्थी कार्यसञ्चायिका (Portfolio) वितरण | वार्षिक | ३०० | ३०० | ३५० | ३५० | ३५० | १६५० | - | - | १६५० |
| ३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै: पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | ५०० | ५०० | ५०० | ५०० | ६०० | २६०० | १००० | - | १६०० |
| ४ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | - | ० | ५०० | ० | ० | ० | ५०० | - | - | ५०० |
| ५ | एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | - | ३०० | ३०० | ४०० | ४०० | ४५० | १८५० | १८५० | - | ० |
| ६ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक विकास तथा छपाइ | - | ५०० | ५०० | ५०० | ० | ० | १५०० | - | - | १५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विषयगत शिक्षक कार्यशाला तथा प्रश्नपत्र निर्माण | - | १५० | १५० | २०० | २०० | २०० | ९०० | ० | - | ९०० |
| ८ | वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया | - | १०० | १०० | १०० | १०० | १०० | ५०० | - | - | ५०० |
| | **जम्मा** | | **१८५०** | **२३५०** | **२०५०** | **१५५०** | **१७००** | **९५५०** | **२८५०** | **०** | **६६५०** |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक–विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास खिजीदेम्बा गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण–सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

खिजीदेम्बा गाउँपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। खिजीदेम्बा गाउँपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि खिजीदेम्बा गाउँपालिका

शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख)** प्रमुख क्रियाकलापहरू तथा लक्ष्य(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको आवधिक मूल्याङ्कन | नियमित | - | - | - | - | - | ० | - | - | - |
| २ | मूल्याङ्कन फाराम सहितको विद्यार्थी कार्यसञ्चायिका (Portfolio) वितरण | वार्षिक | ३०० | ३०० | ३५० | ३५० | ३५० | १६५० | - | - | १६५० |
| ३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तैः पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | ५०० | ५०० | ५०० | ५०० | ६०० | २६०० | १००० | - | १६०० |
| ४ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | - | ० | ५०० | ० | ० | ० | ५०० | - | - | ५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | - | ३०० | ३०० | ४०० | ४०० | ४५० | १८५० | १८५० | - | ० |
| ६ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक विकास तथा छपाइ | - | ५०० | ५०० | ५०० | ० | ० | १५०० | - | - | १५०० |
| ७ | विषयगत शिक्षक कार्यशाला तथा प्रश्नपत्र निर्माण | - | १५० | १५० | २०० | २०० | २०० | ९०० | ० | - | ९०० |
| ८ | वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया | - | १०० | १०० | १०० | १०० | १०० | ५०० | - | - | ५०० |
| | **जम्मा** | | **१८५०** | **२३५०** | **२०५०** | **१५५०** | **१७००** | **९५००** | **२८५०** | **०** | **६६५०** |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना

र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

खिजीदेम्बा गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवाको क्षेत्रमा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल २७ वटा सामुदायिक विद्यालय र १ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब २२०० जना विद्यार्थी अध्ययनरत रहेका छन्। तीमध्ये छात्राको संख्या करिब ५२ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको संख्या करिब ९० प्रतिशत रहेको अनुमान गरिएको छ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर, विपन्न तथा वञ्चित समुदायका विद्यार्थीहरूलाई शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब १० जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी, अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब १३ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षाको प्रवर्द्धन तथा आवश्यक सहयोग उपलब्ध गराउने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, शैक्षिक स्रोतसाधन तथा भौतिक पूर्वाधारको उपलब्धतामा असमानता देखिन्छ। विशेषगरी दुर्गम क्षेत्रका बस्तीहरूमा रहेका बालबालिकाको नियमित विद्यालय उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल प्रविधिमा पहुँच अझै चुनौतीका रूपमा रहेको छ।

समग्रमा हेर्दा, खिजीदेम्बा गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई संस्थागत गर्ने प्रयास गरिरहेको भए तापनि सबै समुदाय, वर्ग र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम, स्रोत व्यवस्थापन तथा प्रभावकारी अनुगमन प्रणाली आवश्यक देखिन्छ।

**४.३.३ उद्देश्यशिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु**

.३.४ रणनीतिहरू

विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्नेविद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नेप्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

क) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

ख) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

ग) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

घ) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

ङ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क)** उपलब्धिः समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**ख)** प्रमुख क्रियाकलाप र लक्ष्य (अनुमानित बजेट)

| 3 | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा पुनः भर्ना कार्यक्रम | - | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | - | - |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | - | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५००० | ५००० | - |
| ३ | लक्षित वर्गका | - | १५० | १५० | २०० | २०० | २५० | ९५० | ९५० | - | - |

| 3 | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि छात्रवृत्ति वितरण | | | | | | | | | | |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | - | - | - | - | - | - | ० | - | - | - |
| ५ | विद्यार्थीहरूको अपाङ्गताको पहिचान | - | १०० | १०० | १०० | १०० | १०० | ५०० | - | - | ५०० |
| ६ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | - | २०० | २०० | २५० | २५० | २५० | ११५० | ११५० | - | ० |
| ७ | अपाङ्गमैत्री भौतिक संरचना (र्याम्प, रेलिङ, अपाङ्गमैत्री शौचालय) निर्माण गर्ने | - | २००० | २००० | २००० | २००० | २००० | १०००० | ४००० | ४००० | १००० |
| | जम्मा | | ४५५० | ४५५० | ४६५० | ४६५० | ४७०० | २३१०० | ११६०० | ९००० | १५०० |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, दातृ संस्था, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

#### ४.४.२ बर्तमान अवस्था

खिजीदेम्वा गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ भने कक्षा ६ देखि १२ सम्मको दिवाखाजा गैर रसकारी संस्था कल्स ओभर रिजेज, नेपालसँगको सहकार्यमा प्रभावकारी रूपमा संचालन हुँदै आएको छ। यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

खिजीदेम्बा गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६–१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, कतिपय विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

#### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

#### ४.४.४ रणनीतिहरू

**क)** सबै सामुदायिक विद्यालयहरूमा Calls over Ridges Nepal, अभिभावक तथा गाउँपालिकाको साझेदारीमा बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूलाई पोषिलो तथा ताजा दिवा खाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुर्‍याउँछ।

### ४.५.२ वर्तमान अवस्था

खिजीदेम्वा गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका

लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। खिजीदेम्बा गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) खिजीदेम्बा गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

त) संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धीः आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिवाखाजा व्यवस्थापन | - | ९४०० | ११४०० | १२००० | १४००० | १४४०० | ६१२०० | २७१०० | - | १५५०० |
| २ | शुद्ध खानेपानी व्यवस्थापन | - | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | २००० | २००० |
| ३ | विद्यार्थीको BMI तथ्याङ्क सङ्कलन तथा अध्यावधिक | - | २०० | २०० | २०० | २०० | २०० | १००० | - | - | ५०० |
| ४ | सचेतना कार्यक्रम | - | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ५०० | - | ५०० |
| ५ | अनुगमन, मूल्याङ्कन तथा अन्तर्क्रिया | - | २५० | २५० | ३०० | ३०० | ४०० | १५०० | ५०० | - | १००० |
| | **जम्मा** | | **१११५०** | **१३१५०** | **१३८००** | **१५८००** | **१६३००** | **७०२००** | **२९१००** | **२०००** | **१९५००** |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ।विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ।यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.२ वर्तमान अवस्था

खिजीदेम्वा गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्।गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

खिजीदेम्बा गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। अधिकांश विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, खिजीदेम्वा गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

क) उपलब्धिः सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **भूकम्प प्रतिरोधी र बालमैत्री विद्यालय भवन तथा कक्षाकोठा निर्माण** | - | ४००० | ५००० | ५००० | ६००० | २०००० | ८०००० | १०००० | २०००० | - |
| २ | **शौचालय निर्माण** | - | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | - | ३५०० | - |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | फर्निचर व्यवस्थापन | - | १००० | २००० | २००० | २००० | २००० | ९००० | २००० | ५००० | २००० |
| ४ | सुरक्षित खानेपानी प्रणाली (Water Purification/Filter System) स्थापना गर्ने | - | ५०० | १००० | १००० | १००० | १००० | ४५०० | ० | ३००० | १५०० |
| ५ | खेल मैदान निर्माण तथा मर्मत | - | १५०० | २००० | २५०० | २००० | ३००० | ११००० | ३००० | २००० | ६००० |
| | जम्मा | | ७७०० | १०७०० | ११२०० | ११७०० | २६७०० | १०८००० | १५००० | ३५५०० | ९५०० |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र

शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

खिजिदेम्वा गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।तर, अधिकांश विद्यालयमा ICT पहुँच पुगेको छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।समग्रमा, खिजीदेम्वा गाउपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.३ उद्देश्य

सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क)** उपलब्धिः विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

**ख)** प्रमुख क्रियाकलापहरू तथा लक्ष्य(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिका आवश्यक पूर्वाधार व्यवस्थापन तथा प्रयोग | - | १५००० | २००० | २००० | २००० | २००० | २३०० ० | २००० ० | ३०० ० | ० |
| २ | क्षमता विकास तालिम सञ्चालन | - | ५०० | ५०० | ५०० | ६०० | ७०० | २८०० | २००० | - | ८०० |
| ३ | सबै विद्यालयमा विद्युतीय हाजिरी जडान र प्रयोग | - | ३००० | ० | ० | ० | ० | ३००० | ३००० | - | - |
| ४ | विद्युत तथा इन्टरनेट जडान र व्यवस्थापन | - | ७०० | ७०० | ७०० | ७०० | ९०० | ३७०० | ३००० | - | ७०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | १९२०० | ३२०० | ३२०० | ३३०० | ३६०० | ३२५०० | २८०० ० | ३०० ० | १५०० |

**परिच्छेद ५**

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशी रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास

डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण–सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सञ्चालन व्यवस्थापन | - | ४१०० | ४१०० | ५१०० | ५१०० | ५६०० | २४०००० | २४०० | - | - |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | | | | | |
| २ | नियमित सामाजिक परीक्षण तथा लेखा परीक्षण | - | ४०० | ५०० | ५०० | ६०० | ६०० | २६०० | २६०० | - | - |
| ३ | विद्यालय सुधार योजना तयारी तथा अद्यावधिक गर्ने | पटक | ४०० | ५०० | ५०० | ६०० | ६०० | २६०० | २६०० | - | - |
| ४ | शैक्षिक कार्यपात्रो निर्माण तथा कार्यान्वयन | पटक | २५० | २५० | ३०० | ३०० | ३५० | १४५० | - | - | १४५० |
| ५ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | आवश्यकता अनुसार | - | - | - | - | - | ० | - | - | - |
| ६ | अभिभावक भेला गर्ने | - | - | - | - | - | - | ० | - | - | - |
| ७ | प्रधानाध्यापक तथा | - | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | ५०० | १५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय कर्मचारीको क्षमता विकास | | | | | | | | | | |
| ८ | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय शैक्षिक कार्यक्रम सञ्चालन | - | ४४६ | ५५० | ६०० | ६३० | ७०० | २९२६ | २९२६ | - | - |
| | **जम्मा** | | **६०९६** | **६४००** | **७५००** | **७७३०** | **८३५०** | **३६०७६** | **११०२६** | **५००** | **२९५०** |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।
स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो।यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।
स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय,

शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

### ५.२.२ वर्तमान अवस्थाः

खिजीदेम्बा गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ। खिजीदेम्बा गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत खिजीदेम्बा गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त खिजीदेम्बा गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा योजना कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना तथा जिम्मेवारी निर्धारण | - | - | - | - | - | - | ० | - | - | - |
| २ | वार्षिक कार्ययोजना (AIP) तथा बजेटसँग शिक्षा योजना आवद्धीकरण | - | - | - | - | - | - | ० | - | - | - |
| ३ | कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार | - | - | - | - | - | - | ० | - | - | - |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य सम्पादन गर्ने | | | | | | | | | | |
| ४ | आवश्यक मानव स्रोत, प्राविधिक सहयोग तथा साधन–स्रोत व्यवस्थापन | - | - | - | - | - | - | ० | - | - | - |
| ५ | नियमित अनुगमन, सुपरिवेक्षण तथा प्रगति प्रतिवेदन तयार | - | ५०० | ५०० | ७०० | ७०० | ८०० | ३२०० | ३२०० | - | - |
| ६ | स्वीकृत शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | - | ७४० | ८०० | १००० | १२०० | १४०० | ५१४० | ५१४० | - | - |
| | **जम्मा** | | **१२४०** | **१३००** | **१७००** | **१९००** | **२२००** | **८३४०** | **८३४०** | **०** | **०** |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा खिजीदेम्बा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्।अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना

बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि खिजीदेम्बा गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनको क्रममा खिजीदेम्बा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

**ङ)** विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

**च)** कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्यः(अनुमानित बजेट)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन (M&E) ढाँचा र सूचकहरू विकास | - | - | - | - | - | - | ० | - | - | - |
| २ | वार्षिक तथा त्रैमासिक प्रगति समीक्षा बैठक सञ्चालन र प्रतिवेदन पेश | - | ३०० | ३०० | ४०० | ४०० | ५०० | १९०० | - | - | १९०० |
| ३ | स्थिति प्रतिवेदन तयारी | - | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | - | - |
| ४ | सूचकको आधारमा विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | - | २५० | २५० | २५० | ३०० | ३०० | १३५० | १३५० | - | - |
| ५ | अनुगमन प्रतिवेदनका आधारमा सुधारात्मक | - | २०० | २०० | २०० | २५० | २५० | ११०० | ६०० | - | ५०० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्ययोजना निर्माण तथा कार्यान्वयन | | | | | | | | | | |
| | जम्मा | | ८०० | ८०० | ९०० | १००० | ११०० | ४६०० | २२०० | ० | २४०० |

**परिच्छेद ६**

लगानी र स्रोत व्यवस्थापन

**६.१ परिचय**

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन् ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट रकम (रु. 000 हजारमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ९,३३,१९६ | ८५.७३% | |
| २ | प्रदेश सरकार | ४१,८०० | ३.८४% | |
| ३ | स्थानीय सरकार | ९३,९४० | ८.६३% | |
| ४ | अभिभावक तथा समुदाय | ६,१०० | ०.५६% | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १३,५०० | १.२४% | |
| **जम्मा** | | **१०,८८,५३६** | **१००.०००%** | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको

बजेट विवरण

| क्रस | शिक्षाका उप-क्षेत्रहरू | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७,१०० | ८,७१० | ९,६२० | ९,८३० | ११,१४० | ४६,४०० | ४३,८०० | ० | २,६५० |
| २ | आधारभूत शिक्षा | १,०३,६८३ | १,०५,९०० | १,१२,१२० | १,२०,३८० | १,२३,९५० | ५,६६,०३३ | ५,१९,६३० | ० | २२,६९० |

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | ३९,४०० | ३१,२५० | ३२,८८० | ३४,६२० | ३७,५०० | १,७५,६५० | १,६८,४५० | ० | ७,२०० |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | १,८५० | २,३५० | २,०५० | १,५५० | १,७०० | ९,५०० | २,८५० | ० | ६,६५० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ७१,५०० | ७१,१०० | ८१,६५० | ८१,२५० | ९२,००० | ३,९७,५०० | ४१,८०० | १,६०० | ३,१०० |
| ७ | समता र समावेशीता | ४,५५० | ४,५५० | ४,६५० | ४,६५० | ४,७०० | २३,१०० | ११,६०० | ९,००० | १,५०० |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १९,२०० | ३,२०० | ३,२०० | ३,३०० | ३,६०० | ३२,५०० | २८,००० | ३,००० | १,५०० |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | ३,७०० | ९,७०० | ११,२०० | १०,७०० | १२,७०० | ४८,००० | ८५,००० | २३,५०० | ११,५०० |
| १० | आपतकालीन | २,९५० | ३,२०० | ३,४०० | ३,५५० | ३,७०० | १६,८०० | २,५०० | २,००० | १२,३०० |

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अवस्थामा शिक्षा | | | | | | | | | |
| ११ | विद्यालयमा दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम | ११,१५० | १३,१५० | १३,८०० | १५,८०० | १६,३०० | ७०,२०० | २९,१०० | २,००० | १९,५०० |
| १२ | विद्यालय सुशासन तथा व्यवस्थापन | ६,०९६ | ६,४०० | ७,५०० | ७,७३० | ८,३५० | ३६,०७६ | ११,०२६ | ५०० | २,९५० |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १,२४० | १,३०० | १,७०० | १,९०० | २,२०० | ८,३४० | ८,३४० | ० | ० |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ८०० | ८०० | ९०० | १,००० | १,१०० | ४,६०० | २,२०० | ० | २,४०० |
| | जम्मा | २,७३,३१९ | २,६१,७१० | २,८४,७७० | २,९६,३६० | ३,१९,०४० | १४,३५,१९९ | ९,५४,२९६ | ४१,६०० | ९३,९४० |

**परिच्छेद ७**

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ।स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा खिजीदेम्बा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरीरेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र

सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । कोटहीमाई खिजीदेम्बा गाउँपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि खिजीदेम्बा गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा खिजीदेम्बा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

**७.४ रणनीतिहरू**

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

**७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

अ) उपलब्धिः प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,